# अन्तिम लेखापरीक्षण प्रतिवेदन

## मिथिला बिहारी नगरपालिका
## धनुषा

आर्थिक वर्ष २०७९/८०





महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

# अन्तिम लेखापरीक्षण प्रतिवेदन

## मिथिला बिहारी नगरपालिका

## धनुषा

आर्थिक वर्ष २०७९/८०




महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

# अन्तिम लेखापरीक्षण प्रतिवेदन

मिथिला बिहारी नगरपालिका

धनुषा

आर्थिक वर्ष २०७९/८०

महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

## दूरदृष्टि
## (VISION)

**जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था**

*(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य
## (MISSION)


**राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने**

*(Provide independent and Quality Audit Service to the Nation)*

## मूल्य मान्यता
## (Core Values)

| | |
|---|---|
| निष्ठा | *(Integrity)* |
| स्वतन्त्रता | *(Independence)* |
| व्यावसायिकता | *(Professionalism)* |
| पारदर्शिता | *(Transparency)* |
| जवाफदेहिता | *(Accountability)* |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। त्यसैगरी लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ। लेखापरीक्षण गर्दा नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिईएको छ। यस स्थानीय तहको २०७९/८० को लेखापरीक्षणबाट देखिएका व्यहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रिया समेत विचार गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहिता लगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ। समय, जनशक्ति, स्रोतको उपलव्धता लगायतका सीमा रहेता पनि स्थानीय तह सम्म नै उपस्थित भई लेखापरीक्षण सम्पन्न गर्ने नीति लिइएको छ।यसै गरी लेखापरीक्षणको क्रममा स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग लेखापरीक्षणबाट देखिएका व्यहोरा उपर छलफल गरिएको छ।

यस वर्ष स्थानीय तहको लेखापरीक्षणबाट कार्यसम्पादनका लागि आवश्यक पर्ने कतिपय कानुन निर्माण हुन बाँकी रहेको, कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, प्रशासनिक तथा अनुत्पादक खर्चमा वृद्धि हुँदै गएको, एउटै योजना समेत टुक्र्याई कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरुको समेत परामर्शदाताद्वारा विस्तृत आयोजना प्रतिवेदन तयार गरी खर्च गरेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारी समेत नियुक्ति गरेको, आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदनमा सुधार गर्नु पर्ने देखिएको, सार्वजनिक सम्पत्ति संरक्षण र उपयोग प्रभावकारी रुपमा हुन नसकेको, स्थानीय तहमा लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजु फस्र्यौट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा गर्न बाँकी रहेको जस्ता व्यहोरा देखिएका छन्। त्यस स्थानीय तहसँग सम्बन्धित व्यहोरा सहितको राय संलग्न गरिएको छ। एकै प्रकृतिका व्यहोराहरू वर्षेनी दोहोरिने गरेकोले वित्तीय अनुशासनमा अपेक्षित रुपमा सुधार हुन सकेको छैन।अतः लेखापरीक्षणबाट औंल्याएका ब्यहोराहरू उपर आवश्यक कारबाही गरी वित्तीय अनुशासन कायम गर्नुका साथै सेवा प्रवाहलाई प्रभावकारी बनाउन त्यस स्थानीय तहबाट थप पहल कदमी हुने विश्वास लिएको छु।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका पदाधिकारी तथा कर्मचारीप्रति आभार व्यक्त गर्दछु। साथै लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरूको कार्यसम्पादनको लागि विशेष धन्यवाद व्यक्त गर्दछु।

**(तोयम राया)**

**२०८१ जेष्ठ** **महालेखापरीक्षक**

महालेखापरीक्षकको कार्यालय
अनामनगर/बबरमहल, काठमाडौं, नेपाल

**प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय**
मधेश प्रदेश

मितिः२०८१।०२।११

प.सं. २०८०।८१

च.नं. ५८

विषयः **लेखापरीक्षण प्रतिवेदन।**

श्री प्रमुखज्यू ,
मिथिला बिहारी नगरपालिका, नगर कार्यपालिकाको कार्यालय,
धनुषा।

१. **कैफियत सहितको राय** — हामीले पालिकाको आर्थिक वर्ष २०७९/८० को प्राप्ती र भुक्तानीको विवरण, त्यससँग सम्बन्धित अनुसूची तथा अन्य विवरणको लेखापरीक्षण गरेका छौं।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक पेस भएको २०८० आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७९/८० को प्राप्ती र भुक्तानीको विवरण र त्यससँग सम्बन्धित अनुसूची तथा अन्य विवरण समावेश भएको वित्तीय प्रतिवेदनले यस पालिकाको वित्तीय कारोबार र प्रतिवेदनसँग सम्बन्धित प्रचलित कानुन बमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

२. **कैफियत सहितको राय व्यक्त गर्ने आधार**

२.१. पालिकाले अन्तरसरकारी अख्तियारी, आन्तरिक आय तथा विविध कोष लगायतको वित्तीय विवरण महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्ण रुपमा प्रयोग गरेर तयार गरेको छैन।

२.२. लेखापरीक्षणबाट रू. ३ करोड ३१ लाख ३३ हजार बेरुजू देखिएको छ। सो सम्बन्धमा पालिकाबाट प्रतिक्रिया प्राप्त नभई बाँकी बेरुजु असुल गर्नुपर्ने रू. ४० लाख ९६ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू. २ करोड ४२ लाख ८४ हजार, नियमित गर्नुपर्ने रु. १३ लाख ३७ हजार र पेश्की बाँकी रु. ३४ लाख १६ हजार समेत गरी यस वर्ष रु. ३ करोड ३१ लाख ३३ हजार बेरुजू कायम रहेको छ। मिथिला बिहारी नगरपालिकाको गतवर्ष सम्म रु.३३ करोड २६ लाख २६ हजार बेरुजू बाँकी रहेकोमा हालसम्मको अद्यावधिक बेरुजू रु. ३६ करोड ५७ लाख ५९ हजार रहेको छ। **मिथिला बिहारी नगरपालिकाको बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको व्यहोरा यसैसाथ संलग्न छ।**

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम गरिएको छ। वित्तीय प्रतिवेदन तयार गर्ने मिथिला बिहारी नगरपालिकासँग हामी स्वतन्त्र छौं। त्यसका लागि प्रचलित कानुन र स्वीकृत आचारसंहिता अनुसार हामीले कार्य गरेका छौं। लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा हामी विश्वस्त छौं।

३. **अन्य व्यहोरा -** ऐन नियमको परिपालना, आन्तरिक नियन्त्रण व्यवस्था, सम्पत्तिको संरक्षण, स्रोत साधनको प्राप्ति र उपयोग, बजेट व्यवस्थापन र राजस्व संकलन, सार्वजनिक खरिद व्यवस्थापन, कार्यक्रम स्वीकृति एवं कार्यान्वयन, उपभोक्ता समितिलाई अनुदान वितरण तथा अनुगमन र सेवा प्रवाहलगायतका विषयमा सुधार गर्नुपर्ने देखिएका छन्।

४. **वित्तीय विवरण उपर व्यवस्थापन तथा पदाधिकारीको जिम्मेवारी -** नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) बमोजिम आर्थिक कारोवारको सही र यथार्थ अवस्था चित्रण हुने गरी एकीकृत वित्तीय विवरण तयार गर्ने तथा गल्ती (Fraud) वा त्रुटिका कारणबाट वित्तीय विवरण सारभूत रुपमा गलत आँकडा रहित स्वरुपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी मिथिला बिहारी नगरपालिकाको व्यवस्थापनमा रहेको छ। पालिकाका प्रमुख र प्रमुख प्रशासकीय अधिकृत वित्तीय प्रतिवेदन प्रकृयाको अनुगमनका लागि जिम्मेवार हुनेछन्।

५. **वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी -** वित्तीय प्रतिवेदन समग्रमा गल्ती (Fraud) वा त्रुटिका कारण सारभूत रुपमा गलत आँकडा रहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो। लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ। लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम लेखापरीक्षण कार्य सम्पादन गरेको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तरनिहित सीमाहरुका कारण वित्तीय विवरण वा आर्थिक कारोवारमा भएका सबै प्रकारका गल्ती (Fraud) वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका गल्ती (Fraud) वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूत रुपमा गलत आँकडा मानिएको छ।

(श्यामप्रसाद भण्डारी)
**नायब महालेखापरीक्षक**

## मिथिला बिहारी नगरपालिका,
## धनुषा

१. चालु वर्ष २०७९।८० को बेरुजु

बेरुजु वर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

(रु. हजारमा)

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फस्यौंट | | | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | | दफा संख्या | | | दफा संख्या | | | | | | | | | |
| सैद्धान्तिक | लगती | रकम | सैद्धान्तिक | लगती | रकम | सैद्धान्तिक | लगती | रकम | असुल गर्नु पर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | पेस्की |
| ५३ | ९० | ३३१३३ | ० | ० | ० | ५३ | ९० | ३३१३३ | ४०९६ | १३३७ | २४२८४ | ० | ० | २९७१७ | ३४१६ |

२. अद्यावधिक बेरुजु स्थिति (२०७९।८० सम्मको)

(रु. हजारमा)

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्ष फस्यौंट | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| धनुषा | ३३२६२६ | ० | ० | ३३२६२६ | ० | ३३१३३ | ३६५७५९ |

३. बेरुजु सम्परीक्षणको विवरण

| क्र. सं | आर्थिक वर्ष | बेरुजुको दफा | छोटकरी व्यहोरा | सम्परीक्षण भएको रकम |
|---|---|---|---|---|
| | २०७९।८० (चालु वर्षको) | पेश नभएको | | |
| | चालु वर्षको जम्मा | | | |
| | गत विगत वर्षतर्फको | | | |
| | गत विगतको जम्मा | | | |
| | कुल जम्मा | | | |

पालिकाको अन्तिम लेखापरीक्षणको विवरण तल उल्लेख गरिएको छ।

# परिचय

१ **परिचय**

**(क) कार्यालय परिचय :-** स्थानीय शासन पद्धति सुदृढ गरी विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यास संस्थागत गर्दै स्थानीय सरकार सञ्चालन गर्न यस पालिकाको स्थापना भएको हो। स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारिता, सह-अस्तित्व र समन्वय प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पालिकाको उद्देश्य रहेको छ। यस पालिकामा १० वडा रहेको छ भने क्षेत्रफल ३७.६० वर्ग किलोमिटर तथा ३८२७३ जनसंख्या रहेको छ।

**(ख) लेखापरीक्षणको उद्देश्य :-** लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो। यस कार्यालयको आर्थिक वर्ष २०७९।८० को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानूनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य हुनेछ।

**(ग) लेखापरीक्षणको क्षेत्र र अवधि :-** यस कार्यालयको विनियोजन, राजश्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०७९।८० मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ। स्थलगत लेखापरीक्षणको अवधि २०८०।०९।२० देखि २०८०।०९।२६ सम्म रहेको छ।

**(घ) लेखापरीक्षण विधि :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ। लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ।

**(ङ) लेखापरीक्षणको सीमा :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सो सँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ। आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन्। सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन।

**च) आर्थिक कारोबारको स्थिति :-** कार्यालयको शुरु मौज्दात रु. २७४६९१५८९।७२ रहेकोमा आयतर्फ रु. ५६९००९९५।८६ तथा व्ययतर्फ रु. ७४९१३५६८९।०० गरी जम्मा रु. १३१६०३६६८४।८४ को लेखापरीक्षण सम्पन्न गरिएको छ। सो को बिष्तृत विवरण अनुसूची -१ मा संलग्न छ।

**(छ) लेखापरीक्षणको क्रममा असुली :-** लेखापरीक्षणको क्रममा निम्नानुसारको रु.४३११७२२।०० असुल

भइ दाखिला प्रमाण पेश भएको छ।

| सि.नं | विवरण | रकम रु. |
|---|---|---|
| १ | प्राविधिक तालिम वापत लिएको पेश्की फिर्ता गरी दाखिला भएको बैंक भौचर पेश भएको | ८००००० |
| २ | तालिम तथा अभिमुखिकरण कार्यक्रम वापत लिएको पेश्की फिर्ता गरी दाखिला गरेको | १५३६००० |
| ३ | फिर्ता गर्न बाँकी ससर्त अनुदान फिर्ता भएको प्रमाण पेश | १९७५७२२ |
| | **जम्मा** | ४३११७२२ |

२ **वित्तीय विवरणको स्थिति :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६९ र ७२ वमोजिम स्थानीय संचित कोष व्यवस्थापन प्रणाली (SUTRA) बाट सिर्जित म ले प फा नं २७२ (प्राप्ति भुक्तानी हिसाव) र कार्यालयबाट पेश भएको एकिकृत आयव्यय विवरणको संक्षिप्त स्थिति निम्नानुसार रहेको छ :

**<u>स्थानीय संचित कोष व्यवस्थापन प्रणाली (SUTRA) बाट सिर्जित म ले प फा नं २७२</u>**

| विवरण | यस वर्ष रु. | | | गतवर्ष रु. | |
|---|---|---|---|---|---|
| | बजेट | आफैले गरेको प्राप्ति/भुक्तानी | जम्मा | आफैले गरेको प्राप्ति/भुक्तानी | जम्मा |
| प्राप्ती (क+ख) | ७४९८४७२११.०० | ४०७६४०१३५.८६ | ४०७६४०१३५.८६ | ४०७३३०४७४.४३ | ४०७३३०४७४.४३ |
| क. प्राप्ति (संचितकोषमा आम्दानी बाँधिने) | ७३५९७९०००.०० | ३८८९२१०४१.३६ | ३८८९२१०४१.३६ | ४०४८२९१४८.४३ | ४०४८२९१४८.४३ |
| ११००० कर | ९५४७००००.०० | ७५५०६६६४.५२ | ७५५०६६६४.५२ | ८१४५७१४०.६३ | ८१४५७१४०.६३ |
| १३००० अनुदान | ३६८३०९०००.०० | ३१०६२३१११.०० | ३१०६२३१११.०० | ३२१७३१०००.०० | ३२१७३१०००.०० |
| संघीय सरकार | ३३४४९२०००.०० | २८०७६८२४०.०० | २८०७६८२४०.०० | ३१५२५२०००.०० | ३१५२५२०००.०० |
| प्रदेश सरकार | ३३८१७०००.०० | २९८५४८७१.०० | २९८५४८७१.०० | ६४७९०००.०० | ६४७९०००.०० |
| १४००० अन्य राजस्व | ५००००००.०० | २७९१२६५.८४ | २७९१२६५.८४ | १६४१००७.८० | १६४१००७.८० |
| १५००० विविध प्राप्ति | ५०००००.०० | ०.०० | ०.०० | ०.०० | ०.०० |
| ३२००० वित्तीय सम्पत्ति | २६६७०००००.०० | ०.०० | ०.०० | ०.०० | ०.०० |
| ख. अन्य प्राप्ति | १३८६८२११.०० | १८७१९०९४.५० | १८७१९०९४.५० | २५०१३२६.०० | २५०१३२६.०० |
| वितरण गर्न बाकी राजस्व | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० |
| कोषहरु | १३८६८२११.०० | १३३१५७९७.५० | १३३१५७९७.५० | ३८८०००.०० | ३८८०००.०० |
| धरौटी | ०.०० | ५४०३२९७.०० | ५४०३२९७.०० | २११३३२६.०० | २११३३२६.०० |

| | | | | | |
|---|---|---|---|---|---|
| संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० |
| भुक्तानी (ग+घ) | ७४९८४७२११.०० | ५९०५२१२६५.०० | ५९०५२१२६५.०० | ३०४०५१५६१.६० | ३०४०५१५६१.६० |
| ग. भुक्तानी (सञ्चित कोषबाट) | ७३५९७९०००.०० | ५७८७६५४१७.०० | ५७८७६५४१७.०० | २९८२०८८४२.६० | २९८२०८८४२.६० |
| २१००० पारिश्रमिक / सुविधा | ८४२६१०००.०० | ७२९३०२५२.०० | ७२९३०२५२.०० | ५३५४५३४४.०० | ५३५४५३४४.०० |
| २२००० मालसामान तथा सेवाको उपयोग | १५३७४७०००.०० | १०८४८३०२५.०० | १०८४८३०२५.०० | ५६०४०३२९.०० | ५६०४०३२९.०० |
| २५००० सहायता ( Subsidy) | ११४१०३०००.०० | ८८०८३६०३.०० | ८८०८३६०३.०० | ८२४४४५५८.६० | ८२४४४५५८.६० |
| २७००० सामाजिक सुरक्षा | ११९७००००.०० | ११०७२५५०.०० | ११०७२५५०.०० | ८६३५९४३.०० | ८६३५९४३.०० |
| २८००० अन्य खर्च | ७२५०००००.०० | ७११५२५३७.०० | ७११५२५३७.०० | ३४०५८५८५.०० | ३४०५८५८५.०० |
| ३१००० गैर वित्तीय सम्पत्ती / पूँजीगत खर्च | २९९३९८०००.०० | २२७०४३४५०.०० | २२७०४३४५०.०० | ६३४८४०८३.०० | ६३४८४०८३.०० |
| घ. अन्य भूक्तानी | १३८६८२११.०० | ११७५५८४८.०० | ११७५५८४८.०० | ३०४०५१५६१.६० | ३०४०५१५६१.६० |
| कोषहरु | १३८६८२११.०० | ७५५९४०५.०० | ७५५९४०५.०० | ५०९१७२५.०० | ५०९१७२५.०० |
| धरौटी | ०.०० | ४१९६४४३.०० | ४१९६४४३.०० | ७५०९९४.०० | ७५०९९४.०० |
| संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० |
| ङ. यो वर्षको बचत (न्युन) | | -१८२८८११२९.१४ | -१८२८८११२९.१४ | १०३२७८९१२.८३ | १०३२७८९१२.८३ |
| च. गतवर्षको जिम्मेवारी रकम (अ.ल्या) | | २७९४५०४४६.२२ | २७९४५०४४६.२२ | १७१७२०२७६.८९ | १७१७२०२७६.८९ |
| वर्षान्तको बाकी रकम (ङ + च) | | ९६५६९३१७.०८ | ९६५६९३१७.०८ | २७४९९१८९.७२ | २७४९९१८९.७२ |
| | | | | | |
| बैंक तथा नगद बाकी | | ९२११८०६०.५८ | ९२११८०६०.५८ | २७४४७५६११.९७ | २७४४७५६११.९७ |

## कार्यालयबाट पेश भएको एकिकृत आयव्यय विवरण

| आयतर्फः | | | व्ययतर्फः | | |
|---|---|---|---|---|---|
| सि नं | विवरण | रकम | सि नं | विवरण | रकम |
| १ | गत वर्षको जिम्मेवारी | २७४६९१५८९.७२ | १ | चालु खर्च | १९६२६९८७५.०० |
| | बैंक अनुसूची १ अनुसार | २६६६०१०००.९७ | | संघीय वित्तीय समानिकरण | ९४६१०१५.०० |
| | धरौटी | ६९३४२९२.०० | | प्रदेक वित्तीय समानिकरण | २३०००००.०० |
| | प्रकोप व्यवस्थापन कोष | ७८३१५९.०० | | राजस्व बाँडफाँड संघीय सरकार | ६२६३६८८७.०० |
| | विविध खर्च खाता | ३७३१३७.७५ | | राजस्व बाँडफाँड प्रदेश सरकार | |
| | स्थानीय तह विविध कोष | | | आन्तरिक श्रोत | १२१८७१९७३.०० |
| | स्थानीय तह आकस्मिक कोष | | २ | पूँजीगत खर्च | १९१५५०१५३.०० |
| २ | संघीय वित्तीय हस्तान्तरण | २८०७६८२४०.०० | | संघीय वित्तीय समानिकरण | ८१६०७९६२.०० |
| | वित्तीय समानिकरण अनुदान | ११४८८५०००.०० | | प्रदेश वित्तीय समानिकरण | ६२५९५५८.०० |
| | सशर्त चालु अनुदान | १५०४५१५७०.०० | | राजस्व बाँडफाँड संघीय सरकार | ८८४१३१९.०० |
| | ससर्त अनुदान पूँजीगत | १५४३१६७०.०० | | राजस्व बाँडफाँड प्रदेश सरकार | |
| ३ | प्रदेश सरकारबाट प्राप्त अनुदान | २९८५४८७१.०० | | आन्तरिक श्रोत | ९४८४१३१४.०० |
| | वित्तीय समानिकरण अनुदान | ८८१७०००.०० | ३ | ससर्त अनुदान खर्च | १८४९४५३८९.०० |
| | ससर्त अनुदान | १८०४७२७०.०० | | संघी ससर्त अनुदान चालु | १४९४५२०९२.०० |
| | समपुरक अनुदान | | | संघीय ससर्त अनुदान पूँजीगत | १४४५५४२६.०० |
| | विशेष अनुदान | २९९०६०१.०० | | प्रदेश ससर्त अनुदान | १८०४७२७०.०० |
| ४ | अन्तर अख्तियारी निकासा रकम | १६४६१४४२४.०० | | प्रदेश समपुरक अनुदान | ०.०० |
| | सामाजिक सुरक्षा | १६४३८९९१२.०० | | प्रदेश विशेष अनुदान | २९९०६०१.०० |
| | औषधी खर्च | २२४५१२.०० | ४ | अन्तर अख्तियारी खर्च रकम | १६४६१४४२४.०० |

| | | | | | |
|---|---|---|---|---|---|
| ५ | आन्तरिक आय | ७७५६३५२९.३६ | | सामाजिक सुरक्षा | १६४३८९९१२.०० |
| | आन्तरिक राजस्व | २०६१२६५.८४ | | औषधी खर्च | २२४५१२.०० |
| | राजस्व बाँडफाँड संघीय सरकार | ७१५९७०२०.५२ | ५ | धरौटी फिर्ता | ४१९६४४३.०० |
| | | | | प्रकोप व्यवस्थापन खर्च | १५५८६९८.०० |
| | राजस्व बाँडफाँड प्रदेश सरकार | ३९०५२४३.०० | ६ | विभिन्न कोष खर्च खाता | |
| ६ | धरौटी प्राप्ती | ५४०३२९७.०० | | विविध खर्च खाता | ६०००७०७.०० |
| ७ | विभिन्न कोष आम्दानी | | ७ | बैक मौज्दात | ९२४५६८९६.५८ |
| | बिबिध खर्च खाता/कोष- बैंक (ग २-७) | ६००५४९२.५० | | संचित कोष खाता | ७८५०३८२३.३३ |
| ८ | नसाटिएको चेक विवरण | २६९११४२.०० | | चालु खर्च खाता | ०.०० |
| | विविध खर्च खाता चेक साट्न बाँकी | २०८०९२.०० | | पूँजीगत खर्च खाता | ०.०० |
| | पुजिगत खर्च खाता चेक साट्न बाकी | १३०८२१२.०० | | राजस्व बाँडफाँड प्राप्त खाता | ०.०० |
| | चालु खर्च खाता चेक साट्न बाकी | ११७३३८७.०० | | धरौटी खाता | ८१४११४६.०० |
| | अन्य कर मु अ कर धराटी बाकी | | | विविध खर्च खाता | ५८६०१५.२५ |
| | प्रकोप व्यवस्थापन कोष | १४५१.०० | | आन्तरिक राजस्व खाता | ०.०० |
| | | | | प्रकोप व्यवस्थापन कोष खाता | ५२२५९१२.०० |
| | | | | आन्तरिक अनुदान खाता | ०.०० |
| | | | | विविध कोष खाता | १६१७९०५.०० |
| | कूल जम्मा | ८४१५९२५८५.५८ | | कूल जम्मा | ८४१५९२५८५.५८ |

## लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

३ **वित्तीय विवरणको परीक्षण**

३.१ **बैङ्क हिसाब विवरण** - स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७६ अनुसार पालिकाको कारोबार, आय व्ययको लेखा प्रणाली तथा राजस्व र खर्च शीर्षकको वर्गीकरणअनुसार लेखाङ्कन र बैङ्क हिसाब मिलान विवरण (म.ले.प.फा.नं.२१२) तयार गरी हिसाब भिडान समेत गर्नुपर्दछ। पालिकाले बैङ्क हिसाब मिलान विवरण तयार नगरेको कारण वर्षान्तमा स्रेस्ता र बैङ्क मौज्दात देहायअनुसार छः

| **खाता** | **स्रेस्ताअनुसार मौज्दात रु.** | **बैङ्क स्टेटमेन्टअनुसार वर्षान्तको मौज्दात रु.** | **फरक रु.** |
|---|---|---|---|
| स्थानीय तह सञ्चित कोष खाता | ७६०२२२२४ | ७८५०३८२३ | २४८१६०० |
| चालु खर्च खाता | ० | ० | ० |
| पुँजीगत खर्च खाता | ० | ० | ० |
| विविध खर्च खाता | ३७७९२३ | ५८६०१५ | २०८०९२ |
| स्थानीय तह प्रकोप व्यवस्थापन खाता | ५२२४४६१ | ५२२५९१२ | १४५१ |
| स्थानीय विभाज्य कोष | ० | ० | ० |
| कर्मचारी कल्याण कोष खाता | ० | ० | ० |
| स्थानीय तह धरौटी | ८१४११४६ | ८१४११४६ | ० |
| स्थानीय तह विविध कोष खाता | १६१७९०५ | १६१७९०५ | ० |
| ग१.१, आन्तरिक राजस्व खाता | ० | ० | ० |
| ग१.२, बाँडफाँडबाट प्राप्त राजस्व खाता | ० | ० | ० |
| **जम्मा** | **९१३८३६६०** | **९४०७४८०२** | **२६९११४२** |

पालिकाले म.ले.फा.नं. २१२ तयार गरी स्रेस्ता र बैङ्कबीच हिसाब मिलान गर्नुपर्दछ।

३.२ **कर दायित्व** - पालिकाले तयार गरेको वित्तीय प्रतिवेदन (म.ले.प.फा.नं २७२) अनुसार वर्षान्तमा विभिन्न भुक्तानीहरुमा कट्टी गरेको कर दायित्व रु.७३४४०१.०० देखाएको छ। यकिन भई सकेको कर दायित्व लेखापरीक्षण अवधि सम्म पनि दाखिला गरेको पाइएन। अतः उक्त रकम सम्बन्धित खातामा दाखिला गर्नुपर्ने रु

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ७,३४,४०१ |

३.३ **फरक हिसाब** - यस पालिकाले सुत्रबाट तयार गरेको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको

एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७२) ले सबै कारोबार नसमेटेको कारण लेखापरीक्षणका क्रममा पालिकाबाट भएका सबै कारोबार समेटिने गरी एकीकृत आर्थिक विवरण तयार गर्न लगाइएकोमा उक्त दुई विवरणमा देहाय अनुसार गत वर्षको जिम्मेवारी रु. ४७५८८५६.५० यस वर्षको प्राप्ति रु. १५९२६०८६०.०० र यस वर्षको भुक्तानी रु. १५४५०२००३.५० फरक परेको छ।सुत्रमा पालिकाको सम्पूर्ण आर्थिक कारोबारहरु समाविष्ट गरी म.ले.प.फा.नं.२७२ ले पालिकाको समष्टिगत आर्थिक कारोबारको यथार्थ अवस्था चित्रण गर्ने व्यवस्था गर्नुपर्दछ।

| विवरण | गतवर्षको जिम्मेवारी | यसवर्षको प्राप्ति | यसवर्षको भुक्तानी | बैङ्क मौज्दात |
|---|---|---|---|---|
| सुत्र अनुसारको वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७२) | २७९४५०४४६.२२ | ४०७६४०१३५.८६ | ५९४६३३६८५.५ | ९२४५६८९६.५८ |
| एकीकृत आर्थिक विवरणअनुसार | २७४६९१५८९.७२ | ५६६९००९९५.८६ | ७४९१३५६८९. | ९२४५६८९६.५८ |
| फरक | ४७५८८५६.५ | १५९२६०८६०. | १५४५०२००३.५ | ० |

३.४ **वित्तीय विवरणको यथार्थता** - पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कनको गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ। आर्थिक कारोबार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७२) तयार गर्नुपर्छ। पालिकाले सामाजिक सुरक्षा तथा संरक्षणको रु.१६४३८९९१२.०० र औषधी खरिद कार्यक्रमको रु.२२४५१२.०० समेत गरी रु.१६४६१४४२४.०० सुत्रमा लेखाङ्कन गरेको छैन।जसले गर्दा सुत्रबाट तयार भएको वित्तीय विवरणसमेत पूर्ण नहुँदा पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन।तसर्थ सबै आर्थिक कारोबार सुत्र मार्फत हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश गर्ने व्यवस्था गर्नुपर्दछ।

४ **आन्तरिक नियन्त्रण प्रणाली** - नगरपालिकाले पालना गर्नुपर्ने विभिन्न ऐन नियम निर्देशिका लगायतका कानूनी व्यवस्थाको पालना भएको स्थिति निम्नानुसार देखिएको छ :

- आन्तरिक नियन्त्रण प्रणाली : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गरेको पाईएन। नगरपालिकाबाट सम्पादन गरिने कार्यहरु दक्षतापूर्ण एवं मितव्ययी रुपमा सम्पादन गरी नतिजा उन्मूख गराउन, वित्तीय जोखिम न्यूनीकरण गर्न एवं वित्तीय विवरणलाई विश्वसनीय बनाई विकास निर्माण तथा सेवा प्रवाहलाई प्रभावकारी रुपमा संचालन गर्न उपयुक्त तवरको आन्तरिक नियन्त्रण प्रणाली तयार गरी कार्यान्वयनमा ल्याउनुपर्दछ।
- स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ वमोजिम नगरपालिकाले आफ्नो क्षेत्र भित्रको आधारभुत तथ्याकं संकलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्नेमा नगरपालिकाले स्थानीय तथ्यांक सम्वन्धी नीति, कानून र सोको मापदण्ड बनाएको देखिएन।
- अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिमको मध्यकालीन खर्चको संरचना तयार गरेको छैन।

- निर्माण व्यवसायी वा उपभोक्ताबाट हुने कामको निर्माण सुरु मिति, लागत, कार्य सम्पन्न गर्नुपर्ने मिति, म्याद थप भएकोमा म्याद थप मिति, कार्यसम्पादन जमानतको अवधि, कार्यसम्पन्न भएको मिति, नाप गरेको मिति लगायत विस्तृत विवरण देखिने गरी म. ले. प. फा. नं. ५०६ र ५०७ मा ठेक्का अभिलेख खाता राख्नुपर्नेमा सो अनुसार राखेको पाईएन।
- सुशासन व्यवस्थापन तथा सञ्चालन नियमावली, २०६५ को अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वयन स्थिती अनुगमन गर्न अनुगमन संयन्त्र तयार गरेको पाईएन।
- पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन। साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यिवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार गरेको पाईएन।
- स्थानिय तहले आफ्नो क्षेत्रमा कार्यान्वयन गर्नुपर्ने आयोजनाको बिश्लेषण गरी कार्यान्वयन गर्नुपर्ने सम्भाब्य आयोजनाको बैंक खडा गरेको देखिएन।
- स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १६(४ख) मा पालिकाको उपप्रमुखले योजना तथा कार्यक्रमको अनुगमन तथा सुपरीवेक्षण गरी सो को प्रतिवेदन बैठकमा पेश गर्नुपर्ने व्यवस्था भएकोमा कतिपय योजनाको अनुगमन उपप्रमुखबाट भएको र प्रतिवेदन पेश गरेको पाईएन। तसर्थ आन्तरिक नियन्त्रण प्रणाली तयार गरी पालिकाको कार्य सञ्चालन तथा व्यवस्थापनलाई प्रभावकारी बनाउनुपर्दछ

५ **त्रैमासिक खर्च** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम स्वीकृत भएको कार्यक्रममा चौमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र त्रैमासिक कार्यलक्ष्य तथा कार्यक्रम बमोजिम कार्यसम्पादन सम्पन्न गरी कर्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ। कार्यालयले उपलव्ध गराएको विवरण अनुसार त्रेमासिक खर्चको स्थिति देहाय बमोजिम छ। वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ।

| **बजेट उपशिर्षक** | **कुल खर्च** | **त्रैमासिक खर्च** | | | | |
|---|---|---|---|---|---|---|
| | | **प्रथम त्रैमासिक** | **दोस्रो त्रैमासिक** | **तेश्रो त्रैमासिक** | **चौथौं चौमासिक** | **आषाढ महिना** |
| पूँजिगत खर्चतर्फ | २२७०४३ | १५५९ | १२५७ | १२९२४ | २११३०३ | १८५१५४ |
| प्रतिशत | | ०.६९ | ०.५५ | ५.६९ | ९३.०७ | ८१.५५ |

पालिकाले उपलब्ध गराएको विवरण अनुसार बार्षिक रु.२२ करोड ७० लाख ४३ हजार निकासा भएकोमा प्रथम त्रैमासिकमा खर्च रु.१५ लाख ५९ हजार अर्थात ०.६९ प्रतिशत, दोश्रो त्रैमासिकमा रु.१२ लाख ५७ हजार अर्थात ०.५५ प्रतिशत, तेश्रो त्रैमासिकमा रु.१ करोड २९ लाख २४ हजार अर्थात ५.६९ प्रतिशत र चौथौं त्रैमासिकमा रु.२१ करोड १३ लाख ३ हजार अर्थात ९३.०७ प्रतिशत खर्च गरेको देखिएको छ। आषाढ महिनामा मात्र रु.१८ करोड ५१ लाख ५४ हजार अर्थात ८१.५५ प्रतिशत खर्च देखिनुले आषाढमा आएर खर्चको चाप बढेको देखिन्छ। जसले गर्दा सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन। स्वीकृत कार्यक्रम अनुसार त्रैमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरिनुपर्दछ।

६ **क्षेत्रगत बजेट र खर्चको स्थिति** - स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका लागि क्षेत्रगत

रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ। यस पालिकाको २०७९।८० को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ।

(रु हजारमा)

| **क्षेत्र/उप क्षेत्र** | **विनियोजन** | **खर्च** | **खर्च प्रतिशत** |
|---|---|---|---|
| आर्थिक विकास | ३२६४४ | २२०२५ | २.९९ |
| सामाजिक विकास | २९१६०३ | २४२९४५ | ३३.०१ |
| पूर्वाधार विकास | १९१४९५ | १३६९६७ | १८.६१ |
| सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र | ३१६७२ | २०४२१ | २.७७ |
| कार्यालय सञ्चालन तथा प्रशासनिक | १८८५६५ | १५६४०७ | २१.२५ |
| | ७३५९७९ | ५७८७६५ | |

उपरोक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये सामाजिक विकासमा सबैभन्दा बढी रु २४ करोड २९ लाख ४५ हजार अर्थात कूल विनियोजित बजेटको ३३.०१ प्रतिशत र सुशासन तथा अन्तरसम्बन्धमा कूल विनियोजित बजेटको सबै भन्दा घटी रु.२ करोड ४ लाख २१ हजार अर्थात कूल बिनियोजित बजेटको २.७७ प्रतिशत खर्च भएको छ। पालिकाले एकीकृत, समानुपातिक र दिगो विकासमा क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्ने कार्यमा ध्यान दिनुपर्दछ।

७ **बजेट पेश, पारित र अख्तियारी** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ। सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ। यस पालिकाको उपप्रमुखले मिति २०७९/३/१० मा रु.६८ करोड ३० लाख ८७हजारको बजेट सभा समक्ष पेश गरेकोमा सभाबाट मिति २०७९/३/३२ मा पारित भएको छ। यसैगरी स्थानीय तहका प्रमुखले मिति २०७९/४/६ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ।आर्थिक वर्ष भित्र सम्पन्न गरिसक्ने गरी बजेट, कार्यक्रम र योजना व्यवस्थापन गर्नु पर्दछ।

८ **स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीय तहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क सङ्कलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक स्रोत अन्तर्गत खानी, जंगल तथा अन्य स्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कन सहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने व्यवस्था छ। पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन। स्थानीय तहका प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको सङ्कलन र अभिलेख राख्ने कार्य गर्नपर्दछ

९ **बजेट सीमा निर्धारण समिति** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा

निर्धारण समिति गठनको व्यवस्था छ। उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्रथमिकिकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुन महिना भित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकिय अधिकृतले चैत्र १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितिलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेकोमा पालिकाले समितिको गठन गरेको छैन। ऐनमा व्यवस्था भएअनुसार बजेट सीमालगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ।

१० **बजेट तथा कार्यक्रम तर्जुमा** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने व्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको व्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ।

११ **योजना प्राथमिकीकरण** - स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख गरेको छ। स्थानीय तहले योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची ३ मा आयोजना प्राथमिकीकरणका आधारहरू गरिवी निवारण, उत्पादनमूलक, रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी विकास, दिगो र वातावरण संरक्षण र भाषिक र सांस्कृतिक विकास उल्लेख गरेको छ र सोही अनुसार गणना गरी प्राथमिकता आधारमा योजना छनौट गर्नु पर्ने व्यवस्था छ। तर पालिकाले आर्थिक वर्ष २०७९।८० मा निम्नानुसार वडाको लागि वडागत ४८ र पालिकास्तरका २१९ समेत कुल ३१७ योजनामा वजेट विनियोजन गरेको छ।

| क्र. सं. | कार्यक्रमको नाम | योजना सङ्ख्या | रु.२० लाखमाथिका योजना सङ्ख्या | रु.५ लाखदेखि २० लाख सम्मका योजना सङ्ख्या | रु.५लाखभन्दा कमका योजना सङ्ख्या |
|---|---|---|---|---|---|
| १. | पालिकास्तरीय | ४८ | ९ | ३३ | ६ |
| २. | वडास्तरीय | २१९ | ६ | ७७ | १८६ |

उपर्युक्त विवरणअनुसार पालिकाले साना र वितरणमुखी योजनाहरु सञ्चालन गरेको देखिन्छ। जसले गर्दा सञ्चालित योजनावाट दीर्घकालिन प्रतिफल प्राप्त नहुनका साथै चालु प्रकृतिका खर्चमा वृद्धि भै लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत प्रश्न उठ्ने गरेको छ। त्यसैगरी यो वर्ष सभले पारित गरेका उल्लेखित योजना ३१७ मध्ये के कति योजना कार्यान्वयन भई योजना कार्यान्वयन हुन सकेको छ प्रगति विवरण तयार गरेको देखिएन।तसर्थ पालिकाले योजना वस्तुनिष्ठ तवरले प्राथिमिकीकरण र छनौट गरी प्रभावकारी कार्यान्वयन गर्नुपर्दछ।

१२ **खर्च बिश्लेषण** - पालिकाले गत वर्षको जिम्मेवारीबाट २७४६९१५८९.७२ यसवर्ष कुल आन्तिरक आयबाट रु. ७८२९७९३०.३६ र अनुदानबाट रु. ४४९१८८३५१.०० समेत रु. ८०२१७७८७१.०८ आम्दानी भएकोमा चालु तर्फ रु. ५३१३७४२६२.०० र पूँजीगत तर्फ रु. २०६००५५७९.०० समेत रु. ७३७३७९८४१.०० खर्च भएको छ। खर्च मध्ये आन्तरिक आयको हिस्सा १०.६२ प्रतिशत रहेको छ।

पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ७२.०६ प्रतिशत चालु र २७.९४ प्रतिशतमात्र पूँजीगत निर्माणमा खर्च भएको देखिन्छ। यसबाट पालिकाले विकास निर्माण कार्यक्रम सञ्चालनमा न्युन खर्च गरी प्रशासनिक कार्यमा बढी खर्च गरेको देखिन्छ। प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा विकास निर्माणमा परिचालन गरिनुपर्दछ।

१३ **ठेक्का अभिलेख** - सार्वजनिक निर्माण कार्य गर्ने हरेक निकायले ठेक्का अभिलेख म.ले.प.फा.न. ५०७ को ढाँचामा अद्यावधिक गरी राख्नुपर्ने व्यवस्था छ। निर्माण कार्यको विस्तृत अभिलेखांकनको लागि प्रयोग गरिने ठेक्का सम्बन्धी अभिलेखले कूल गर्नुपर्ने कार्य, हाल सम्म भएको कामको परिमाण, मूल्य, कार्य सम्पादन जमानत, पेश्की ग्यारेन्टीको अवस्था, काम सम्पन्न गर्नुपर्ने मिति, भेरिएशन लगायतको जानकारी उपलब्ध हुन्छ। तर यस कार्यालयले उक्त विवरण देखिने गरी अभिलेख राखेको देखिएन। अतः स्वीकृत ढाचा अनुसार सवै विवरण खुल्ने गरी ठेक्का अभिलेख अद्यावधिक गरी राख्नुपर्दछ।

१४ **प्राविधिक बिल र कार्य सम्पन्न** - सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नाप जाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ। उपभोक्ता समितिहरुबाट सञ्चालित योजनाको ठेक्का बिलहरुमा लागत अनुमान र वास्तविक कामको मूल्याङ्कनमा बरावर परिमाण र रकम उल्लेख भएको देखिन्छ। लागत अनुमान बरावर नै मूल्याङ्कन भएको देखिएकाले वास्तविक काम कति भएको हो भन्ने सम्बन्धमा आश्वस्त हुन सक्ने अवस्था देखिएन। प्राविधिकले पेश गर्ने कार्य सम्पन्न प्रतिवेदनमा कार्य सम्पन्न गर्नुपर्ने मिति र कार्य सम्पन्न भएको मिति लगायतका इन्जिनियरिङ नर्म्स अनुसार बिलमा खुलाउनुपर्ने तथ्याङ्क उल्लेख गरेको पाईएन। यसले गर्दा कुन काम कहिले सम्पन्न गर्नुपर्ने र तोकिएको अवधिमा सम्पन्न भए/नभएको विषयमा यकिन हुन नसकिएको हुँदा प्राविधिकले इन्जिनियरिङ नर्म्स अनुसारको उपभोक्ता समितिको बिल बनाउँदा नाप जाँचलाई वास्तविक कार्यसम्पादनमा आधारित बनाउनुपर्दछ।

१५ **जिन्सी निरीक्षण** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा सोही नियमावलीको नियम ९४, ९५ र ९६ बमोजिम जिन्सी मालसामानको लगत खडा गरी राख्नुपर्ने, सोको निरीक्षण गरी प्रतिवेदन तयार गर्नुपर्ने, प्रतिवेदनमा उल्लेखित सामान मध्ये मर्मत गर्नुपर्ने सामान ३ महिना भित्र र लिलाम गर्नुपर्ने सामान ६ महिना भित्र लिलाम गरी सक्नु पर्ने व्यवस्था छ। तर पालिकाले यस वर्ष जिन्सी निरीक्षण गराई प्रतिवेदन तयार गरेको छैन। जसले गर्दा पालिकाको जिन्सीको अवस्था बारे यकिन गर्न सकिएन। नियमावलीको व्यवस्था अनुसार जिन्सी निरीक्षण गराई सोको आधारमा मर्मत सम्भार, लिलामी लगायतका कार्य गरी जिन्सी व्यवस्थापन गर्नुपर्दछ।

१६ **फोहरमैला व्यवस्थापन** - फोहरमैला व्यवस्थापन ऐन, २०६८ अनुसार स्थानीय तहहरुले स्रोतमै फोहरमैलाको वर्गीकरण गर्न लगाई सोही अनुसार सङ्कलन र व्यवस्थापन गर्ने कार्यको शुरुवात गर्न नसकेको कारण फोहरमैला व्यवस्थापनमा जटिलता देखिएको छ। फोहर उत्सर्जन हुने स्रोतमा नै वर्गीकरण गरी कुहिने, नकुहिने, सिसा जन्य, अस्पतालबाट उत्पादित र इ-वेष्ट लगायतका फोहर वर्गीकरण गरी उपयुक्त व्यवस्थापन गरेको देखिएन। फोहरमैलाको उचित व्यवस्थापन गरी पालिकाको पर्यावरणलाई स्वच्छ राख्नुपर्दछ।

१७ **सार्वजनिक परीक्षण** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी, दिगो र भरपर्दो वनाउन कार्यक्रमको सामाजिक परीक्षण अन्तर्गत

सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था बमोजिमको कार्य भएको पाइएन। तोकिए बमोजिम सार्वजनिक परीक्षण गरी पालिकाबाट हुने आर्थिक कारोबारमा जवाफदेहिता र पारदर्शिताको प्रवर्द्धन गर्नु पर्दछ।

१८ **आवधिक योजना -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम पालिकाले आफ्नो अधिकार क्षेत्रभित्रको विकासका लागि आवधिक योजना बनाई लागू गर्नेमा यस पालिकाले आवधिक योजना तयार गरेको छैन। आवधिक योजना नहुँदा पालिकाले वार्षिक बजेट तथा कार्यक्रम तयार गर्दा आवधिक योजनाका दीर्घकालीन विषयलाई भन्दा सालवसाली विषयहरुलाई समावेश गरेको देखिन्छ। स्थानीय तहको समग्र विकासका लागि आवधिक योजना तर्जुमा गरी कार्यान्वयन गर्नुपर्दछ।

१९ **पेश्की फछ्र्यौट** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४७ मा पेश्की लिने व्यक्ति वा संस्थाले काम सम्पन्न भएको मितिले १५ दिन भित्र खर्च प्रमाणित गर्न आवश्यक बिल भरपाई र कागजातसहितको प्रतिवेदन कार्यालयमा पेश गर्ने र कार्यालयले प्राप्त भएको सात दिनभित्र पेश्की फछ्यौंट गर्नुपर्ने र ढिलो गरेकोमा नियम ५१ बमोजिम १० प्रतिशतका दरले व्याज असुली गरी पेश्की फर्स्यौट गर्नुपर्ने व्यवस्था छ। पालिकाको गत वर्षसम्मको रु.१५००००।०० समेत हालसम्मको पेश्की रु.३५६६०००।०० रहेको छ। गत वर्षसम्म बाँकी रहेको पेश्की नियमानुसार फछ्र्यौट गर्नुपर्दछ। पालिकाले यो वर्ष यस दफासँग सम्बन्धित अनुसूचीमा उल्लेखित कामको लागि पेश्की दिएकोमा आर्थिक वर्षको अन्त्यसम्म म्याद नाघेको पेश्की रु. ३४,१६,०००।०० फछ्यौंट हुन नसकी बाँकी रहेको छ। पालिकाले लेखापरीक्षण अवधिसम्म समेत पेश्की फर्स्यौट नगरेकोले नियमानुसार पेश्की फर्स्यौट गर्नुपर्ने रु

| | |
|---|---|
| पेश्की | ३४,१६,००० |

**(विस्तृत विवरण बेरूजु दफा १९ सँग सम्बन्धित अनुसूचीमा संलगन छ।)**

२० **आन्तरिक लेखापरीक्षण -** स्थानीय तह सञ्चालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिताको आधारमा प्रत्येक त्रैमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ। पालिकाले यस वर्षको आर्थिक कारोबारमध्ये नगरपालिका चालु तर्फको मात्र आन्तरिक लेखापरीक्षण गरेको छ। तसर्थ कानुनमा तोकिए बमोजिम सबै शीर्षकको आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराई आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउने तर्फ ध्यान दिनुपर्दछ।

२१ **लागत सहभागिता -** पालिकाले आयोजना/कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्ने, नगद सहभागिता तोकिएको अवस्थामा सहभागिता वापतको रकम सम्बन्धित स्थानीय तहको खातामा दाखिला गरी सो को भौचर प्राप्त भएपछि मात्र उपभोक्ता समितिसँग योजना सम्झौता गर्नुपर्ने गर्नुपर्दछ। तर पालिकाले लागत सहभागिता सहितका लागत अनुमान तयार गरेको देखिएन्। अतः नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्दछ।

२२ **विद्यालय भवन निर्माणः** (२३९-२०८०-३-२३) - सार्वजनिक खरिद नियमावलीको नियम १२५(१) मा खरिद सम्झौता वमोजिम निर्माण कार्य सम्पन्न भएको ३० दिन भित्र सम्वन्धित निर्माण व्यवसायीले निर्माण भए वमोजिमको (एज विल्ट) नक्सा सार्वजनिक निकायमा पेश गर्नुपर्ने उल्लेख छ। त्यस्तै सोही नियमको उपनियम २ मा त्रृटि सच्याउने दायित्व अवधि समाप्त भएपछि ड्रइङ्ग, डिजाइन वा स्पेशिफिकेशन वमोजिम भए नभएको जाँचवुझ गराई कार्य सम्पन्न प्रतिवेदन तयार गर्नुपर्ने छ।त्यस्तै उपनियम ४ मा उपनियम (१)

वमोजिमको निर्माण भए वमोजिमको नक्सा र उपनियम (३) वमोजिम पेश भएको कार्य सम्पन्न प्रतिवेदन तयार गर्नुपर्ने उल्लेख छ। नियममा भएको उक्त प्रावधानको प्रभावकारी रुपले कार्यान्वयन गर्न र गुणस्तरीय निर्माण कार्यमा सघाउ पुर्याउनको लागि निर्माण सम्पन्न भएका ठेक्काको प्राविधिक कर्मचारी खटाई नियममा भएको प्रावधान अनुसार जाँचबुझ गराई कार्यसम्पन्न प्रतिवेदन तयार गर्नुपर्दछ। पालिकाले देहायका विद्यालयहरुलाई रु ६० लाख निकासा गरेकोमा कार्यसम्पन्न प्रतिवेदन पेश नगरेकोले सम्बन्धित विद्यालय भवन निर्माणको कार्यसम्पन्न प्रतिवेदन पेश हुनुपर्दछ।

| सि नं | विद्यालयको नाम | निकासा रकम |
|---|---|---|
| १ | श्री जगरुप साह, रामपुकार साह मा वि परशुरामतलाउ | २,४००,०००.०० |
| २ | जनता माध्यमिक विद्यालय कजरा रमौल | १,२००,०००.०० |
| ३ | माध्यमिक विद्यालय ललिया | १,२००,०००.०० |
| ४ | मिथिला आधारभुत विद्यालय कचुरी | १,२००,०००.०० |
| | जम्मा | ६,०००,०००.०० |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ६०,००,००० |

२३ **प्रधानमन्त्री रोजगार कार्यक्रम :** स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारीको प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतह भित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ। यस कार्यक्रम व्यवस्थित रुपमा सञ्चालनका लागि प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ तयार गरेको छ। यस कार्यक्रम अन्तर्गत पालिका अन्तर्गत विभिन्न वडामा २८ वटा योजना सञ्चालन गरी यस वर्ष १६२३८ जनालाई औसत दिनले ७८ दिन रोजगारी उपलव्ध गराई रु.१००८६०००.०० श्रमिक ज्याला खर्च गरेको छ। पालिकाका नियमित योजना र प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतका योजना छनौट गर्दा योजना छनौटको आधार नखुलाएकोले दोहोरो परे नपरेको सम्बन्धमा स्पष्ट हुन सकिएन। योजनामा दोहोरो नहुने गरी योजना छनौट गरी कार्यान्वयन गर्नुपर्दछ। उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सिर्जना भएको देखिंदैन। तसर्थ कार्यक्रम सञ्चालन निर्देशिका बमोजिम व्यवस्थित तवरले कार्य सञ्चालन गर्नुपर्दछ।

२४ **तराई मधेश समृद्धि कार्यक्रमः**

२४.१ तराई मधेश समृद्धि कार्यक्रम सञ्चालन निर्देशिका २०७९ को दफा ५(१) मा यस कार्यक्रम अन्तर्गत सञ्चालित योजनाको अधिकत्तम ७० प्रतिशत र स्थानीय तहको न्यनत्तम ३० प्रतिशत लागत सहभागिता हुनुपर्ने व्यवस्था छ। पालिकाले यस कार्यक्रम अन्तर्गत श्री परशुराम तलाउ मा.वि भवन निर्मणको कार्यसम्पन्न प्रतिवेदन रु २२४२११८।३२ को पेश भएकोमा उक्त रकमको ७० प्रतिशतले हुने रु १५६९४८३।०० खर्च लेखुपर्नेमा पालिकाले तराई मधेश कार्यक्रमबाट रु २०१७९०६।०० खर्च लेखेको

पाईएकोले बढी खर्च लेखेको रु ४४८४२३।०० संघीय सरकार सञ्चित कोषमा फिर्ता गरी सोधभर्ना गर्नुपर्दछ।

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ४,४८,४२३ |

२४.२ तराई मधेश समृद्धि कार्यक्रम सञ्चालन निर्देशिका २०७९ को दफा ५(१) मा यस कार्यक्रम अन्तर्गत सञ्चालित योजनाको अधिकत्तम ७० प्रतिशत र स्थानीय तहको न्यनत्तम ३० प्रतिशत लागत सहभागिता हुनुपर्ने व्यवस्था छ। पालिकाले यस कार्यक्रम अन्तर्गत श्री परशुराम तलाउ मा.वि भवन निर्मणको कार्यसम्पन्न प्रतिवेदन रु ३४९५९९६।८१ को पेश भएकोमा उक्त रकमको ७० प्रतिशतले हुने रु २४४७१९८।०० खर्च लेख्नुपर्नेमा पालिकाले तराई मधेश कार्यक्रमबाट रु २५०००००।०० खर्च लेखेको पाईएकोले बढी खर्च लेखेको रु ५२८०२।०० संघीय सरकार सञ्चित कोषमा फिर्ता गरी सोधभर्ना गर्नुपर्दछ।

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ५२,८०२ |

२५ **सुरक्षित नागरिक आवास कार्यक्रम -** सुरक्षित नागरिक आवास कार्यान्वयन कार्यविधि २०७५ "सुरक्षित नागरिक आवास" भन्नाले आगलागी तथा हावा, पानी थेग्न सक्ने गरी निर्माण गरिएका काठ, ईटा, ढुङ्गा वा ब्लक आदिको गारो भई पराल खर बाहेकका छानायुक्त आवासीय भवन सम्झनु पर्ने तथा कार्यविधिको बुंदा नं ३ र ४ बमोजिम लाभग्राही बसोबास गर्दै आएको घरको छाना पराल/खर/स्याउला/आसवेसटस आदि आगो, पानी तथा हुरीबाट सहजै प्रभावित हुन सक्ने सामाग्रीबाट छाएको, गरिबीको रेखामुनी रहेका आफैले सुरक्षित आवास निर्माण गर्न चाहेको तथा निर्माण गरिरहेको घरपरिवार, गरीवीको रेखामुनी रहेका लाभग्राहीको सम्बन्धमा सम्वन्धित स्थानीय तहको सिफारिस लगायतका आधारमा लाभग्राहीको पहिचान तथा छनौट गर्नुपर्ने तथा दफा १०(छ) मा सम्झौता भएपछि ६० प्रतिशत वापतको पहिलो किस्ता वापतको रकम जस्तापाता तथा काठ लागयतका निर्माण सामग्री खरिद गर्नुपर्ने व्यवस्था छ। पालिकाले सुरक्षित नागरिक आवास कार्यक्रमबाट रु ८४९०००।०० प्रथम किस्ता वापत भुक्तानी भएकोमा निर्माण सामग्री खरिद गरी कार्यसम्पन्न गराउनु पर्दछ।

२६ **फरक दररेट विश्लेषण -** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १० मा लागत अनुमान तयार गर्दा स्वीकृत नर्म्स तथा जिल्ला दररेटको आधारमा तयार पार्नुपर्ने व्यवस्था छ। नगरपालिकाले देहायका योजना विभिन्न उपभोक्ता समिति मार्फत निर्माण गराउदा देहाय बमोजिमको दरले लागत अनुमान तथा भुक्तानी भएकोले उक्त कार्यको लागि तयार पारेको लागत अनुमान तथा कार्यसम्पन्न प्रतिवेदन बमोजिम देहाय बमोजिमको कामको गिट्टी खरिद तथा फर्मवर्कको रकम फरक पारी लागत अनुमान तयार पारेकोमा बढी दरले भुक्तानी गरेकोले देहाय बमोजिम रु. ५०००२७।७४ बढी भुक्तानी भएकोले सम्बन्धित उपभोक्ता समितिबाट असुल गरी प्रदेश सञ्चित कोषमा दाखिला हुनुपर्ने देखिएको रु.

| योजना | काम | कामको परिमाण (घनमिटर) | भुक्तानी हुनुपर्ने दर | भुक्तानी भएको दर | बढी दर | बढी भुक्तानी रु |
|---|---|---|---|---|---|---|
| मा वि ललियामा | P.C.C. for R.C.C. Works(1:1.5:3) | ५९.९५ | १२,९८०.९३ | १४,२९४.८५ | १,३१३.९२ | ७८,७६९.५० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| भवण निर्माण वडा नं ५ | | | | | | |
| | Formworks | ४८४.२९ | ७३०.३३ | १,०६०.८३ | ३३०.५० | १६०,०५७.८५ |
| विद्यालय भवनको अधुरो कार्य | Formworks | ५५६.३६ | ७३०.३३ | १,०६०.८३ | ३३०.५० | १८३,८७८.३० |
| मि वि ना पा वडा नं १ ढलान | Formworks | ८३.४० | ४१८.०० | ५७८.६७ | १६०.६७ | १३,३९९.८८ |
| स्वास्थ्य चौकी भवन निर्माण वडा नं ५ | P.C.C. for R.C.C. Works(1:1.5:3) | ४८.६५ | १२,९८०.९३ | १४,२९४.८५ | १,३१३.९२ | ६३,९२२.२१ |
| | | जम्मा | | | | ५००,०२७.७४ |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ५,००,०२७.७४ |

२७ **वाटर ट्रिटमेन्ट प्लान्ट -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११ बमोजिम सार्वजनिक निकायले मालसामानको लागत अनुमान तयार गर्दा नियम ९ र सम्बन्धित मालसामानको स्पेसिफिकेसनको अधीनमा रही सोही प्रकृतिको गत विगतमा खरिद गर्दा लागेको वास्तविक लागत, बजारमा प्रचलित दरभाउ, तथा उद्योग वाणिज्य संघले जारी गरेको दररेटको आधारमा लागत अनुमान तयार गर्नुपर्ने तथा नियम ९७ अनुसार उपभोक्ता समितिहरुलाई मेशिन, औजार उपकरणहरुको आवश्यक नपर्ने, श्रममूलक कार्यको जिम्मेवारी दिनुपर्ने व्यवस्था रहेको छ। पालिकाले ५०० एल पि एज भएको वाटर ट्रिटमेन्ट प्लान्ट जडानको लागत अनुमान तयारीको आधार प्रष्ट नपारी मेकेनिकल ईन्जिनियरले तयार गरेको लागत अनुमानको आधारमा उपभोक्ता समितिको सहभागिता सहित रु ५००००००।०० लागत अनुमान भएको विभिन्न वडामा ५ थान स्वच्छ खानेपानी व्यवस्थापन गर्ने कार्यको लागि उपभोक्ता समितिबाट आवश्यक मालसामान आपुर्ति तथा जडान गरी उपभोक्ताको अंश बाहेक खानेपानी व्यवस्थापनको लागि रु ४८५००००।०० खर्च लेखेको छ। अतः लागत अनुमानलाई यथार्थपरक मान्न सकिने अवस्था देखिएन साथै जटिल प्राविधिक पक्ष समावेश हुने पूर्वाधार संरचना निर्माण कार्यको लागि समेत उपभोक्ता समिति मार्फत् मालसामान आपूर्ति गराई काम गराउने गरेको कार्यलाई नियमसम्मत मान्न सकिएन।

२८ **राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम -** विद्यालय भौतिक पूर्वाधार निर्माण- शिक्षा तथा मानव श्रोत विकास केन्द्रले प्रकाशन गरेको कार्यक्रम कार्यान्वयन पुस्तिका २०७९।८० को क्रियाकलाप नं ११.१.२.१ मा प्रत्येक स्थानीय तहले विद्यालय भौतिक पूर्वाधार कार्यक्रमहरु कार्यान्वयन गर्दा सम्पूर्ण निर्माण कार्य नेपाल राष्ट्रिय भवन संहिता, २०६० अनुसार गर्नु गराउनु पर्ने, स्थानीय तह अन्तर्गतका विद्यालयमा हुने भौतिक निर्माणका कार्यहरु स्थानीय तहले आफ्नो प्राविधिक मार्फत सुपरीवेक्षण गराउने र कार्यसम्पादन प्रतिवेदन तयार गर्नुपर्ने व्यवस्था छ। साथै राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम कार्यान्वयनका लागि शिक्षा तथा मानव श्रोत विकास केन्द्रद्वारा मिति २०७९।०५।२९ च.नं. ५४ को निर्देशन अनुसार प्राप्त कार्यक्रम अनुरुप तोकिएको डिजाइन ड्रइङ तथा लागत अनुमान अनुसार २ कोठे तथा ४ कोठे भवन निर्माण गर्नुपर्ने व्यवस्था छ। उक्त कार्यक्रमका लागि देहायका विद्यालयलाई रु.६७५००००।०० निकासा भएको छ। तर विद्यालय निर्माणसँग सम्बन्धित कागजात सम्बन्धित विद्यालयहरुले पालिकामा पेश गरेका छैनन्। तसर्थ निर्माणसँग सम्बन्धित कागजात तथा कार्य सम्पन्न भएको प्रतिवेदन पेश गर्नुपर्ने रु.......

| क सं | विद्यालयको नाम | निकासा प्रयोजन | जम्मा |
|---|---|---|---|
| १ | श्री पारवति अनारवति तेतरीवति आ वि तारापट्टी | ४ कोठे भवन निर्माण | ४,५००,०००.०० |
| २ | श्री जनता माध्यमिक विद्यालय कजरा रमौल | २ कोठे भवन निर्माण | २,२५०,०००.०० |
| | जम्मा | | ६,७५०,०००.०० |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ६७,५०,००० |

२९ **अधुरो योजना** - सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२५ वमोजिम खरिद सम्झौता बमोजिम कार्यसम्पन्न गरी प्रतिवेदन पेश गर्नुपर्ने तथा आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २४(२) मा सरकारी रकम खर्च गर्दा गुणस्तर सहित उचित प्रतिफल प्राप्त हुने गरी उपलब्ध साधन स्रोतलाई मितव्ययी तरिकाले खर्च गर्नुपर्ने व्यवस्था छ। नगरपालिकाले गंगा प्रसाद मा.वि ठेरामा विद्यालय भवन निर्माणको लागि उपभोक्ता समितिबाट लागत अनुमान रु ४३०८९३६।०० भएको भवनको उपभोक्ता समितिको अंश समेत रु ४३०२७०२।०० को ठेक्का सम्बन्धी बिल पेश भएकोमा रु. ३८७२४३२।००(उपभोक्ताको अंश बाहेक) भुक्तानी भएको छ। उक्त विद्यालयको स्थलगत निरीक्षण गर्दा देहाय बमोजिम अधुरो योजनाको कार्य सम्पन्न तयार गरी पिलर(२२" को १६ वटा रड हालेको छ) फाउन्डेशन उठाउने काम मात्रै गरेको देखियो साथै पालिकाबाट सञ्चालित अधिकांश योजनाहरु अधुरै अवस्था देखिएको तथा बजेटको अधिकत्तम प्रतिफल प्राप्त हुने गरी गरेको देखिएन।अतः पालिकाले कार्यसम्पन्न हुने गरी वजेट विनियोजन गरी मितव्ययी तरिकाले खर्च व्यवस्थापन गरी खर्चलाई उपलब्धिमुलक बनाउनुपर्दछ।



३० **आनुपातिक कट्टी -** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७(४) मा उपभोक्ता समिति मार्फत काम गराउँदा लागत अनुमानमा रहेको मूल्य अभिवृद्धी कर ओभरहेड कन्टिन्जेन्सी र जनसहभागिताको अंश कट्टा गरेर मात्र भुक्तानी दिनुपर्ने व्यवस्था छ।नगरपालिका मार्फत सञ्चालित दुलिचन ठाकुरको घरदेखि गाउँको रिङ्गरोडसम्म ढलान कार्यको उपभोक्ताको अंश रु १९३५४५।०० समेत लागत अनुमान रु १९३५४४५।०० भएकोमा कार्यसम्पन्न प्रतिवेदन रु १९२९६२२।०० को पेश भएकोमा १० प्रतिशतले हुने उपभोक्ताको अंश रु १९२९६२।०० कट्टा गरी रु १७३६६६०।०० भुक्तानी हुनुपर्नेमा रु १७८८७५९।०० भुक्तानी भएकोले बढी भुक्तानी भएको रु ५२०९९।०० असुल गरी स्थानीय सञ्चित कोषमा दाखिला हुनुपर्ने देखिएको रु.............

| | |
|---|---|
| असुल गर्नुपर्ने | ५२,०९९ |

३१ **नाला तथा बाटो सरसफाई** :- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९८ मा रु.१ लाखसम्मको निर्माण कार्य अमानतबाट गराउन सकिने व्यवस्था छ। सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५ मा सार्वजनिक निकायले खरिद कार्य गर्दा लागत अनुमान तयार गर्नुपर्ने र सोही ऐनको दफा ५क. मा तयार भएको लागत अनुमान स्वीकृत गराउनु पर्ने व्यवस्था छ। त्यसै गरी सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३ (ख) मा प्राविधिक नापजाँच गरी वास्तविक कार्य सम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने उल्लेख छ। पालिकाले नाला तथा बाटो सरसफाई वापत भनी वडा नं ३ का वडा सचिव दुखि मण्डललाई रु.२५१२४५।०० भुक्तानी गरेकोमा लागत अनुमान तयार तथा स्वीकृत गरेको छैन भने सो कामको प्राविधिक नाप जाँच समेत भएको छैन। जसले गर्दा कुन कुन स्थानको कति बाटो तथा नाला सफाई भएको हो सो खुलेको छैन। ऐन तथा नियमावलीको व्यवस्थाको पालना नगरी भुक्तानी गरेको अनियमित देखिएको छ। ऐन तथा नियमावलीमा भएको व्यवस्थाको पालना गरी खर्च लेख्नु पर्दछ।

३२ **विद्युतीय जडानः** - पालिकाले वडा नं १ मा संचाई विद्युतिकरणको लागि रु १ करोडको लागत अनुमानको ४० प्रतिशत पालिकाबाट लागत साझेदारी बमोजिम विद्युत प्राधिकरण धनुषाधाम डिसिएसलाई रु ४००००००।०० रकम निकाशा गरेकोमा कार्यसम्पन्न प्रतिवेदन पेश भएको छैन। अतः पालिका तथा विद्युत प्राधिकरण धनुषाधामको लागत साझेदारीमा सञ्चालित सिंचाईको लागि विद्युतिकरण कार्यको सम्पन्न प्रतिवेदन पेश हुनुपर्दछ।

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ४०,००,००० |

३३ **विविध खर्च** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ मा कार्यालयले आफ्नो कामको प्रकृति अनुसार खर्चलाई मितव्ययी एवं कामलाई गुणस्तरीय बनाउन आन्तरिक नियन्त्रण प्रणाली तयार गरी कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ। पालिकाले यस वर्ष विविध खर्च शीर्षकमा रु.६४२०७२८।०० खर्च लेखेको छ। जसमध्ये खाना खाजा होटलवास आदिका लागि विभिन्न होटललाई रु.२३५५२७६।०० भुक्तानी गरेको छ। त्यसैगरी सभा संचालन कार्यमा रु.९९००००।०० खर्च गरेको छ। पालिकाले विविध खर्चलाई मितव्ययी बनाउँदै अनावस्यक खर्चलाई कटौती गर्नेतर्फ ध्यान दिनु पर्दछ।

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(५) अनुसार खर्चको पुष्ट्याई हुने प्रमाण, कागजात संलग्न गरेर मात्र खर्च लेख्नुपर्ने व्यवस्था छ। विभिन्न समयमा खाना खाजामा

खर्च गरेको रकमको विल पेश भएको भएता पनि खर्च गर्नुपर्ने आधार स्पष्ट गर्ने गरेको देखिएन। विविध खर्चको उद्देश्य र खर्चको यथार्थता प्रमाणित हुने गरी खर्च गर्नुपर्दछ।

३४ **वाईफाई जडान** - पालिका अन्तर्गतका दस वटै वडामा फ्री वाइफाइ जडानको कार्य गरेको भनि येस नेट नेपाललाई रु.३१६१२८।०० भुक्तानी गरेको छ। दसै वडामा वाइफाइ जडान गर्ने कार्यको लागि लागत अनुमान तयार गरेको छैन भने वडाहरुको कुन कनु स्थानमा वाइफाइ जडान गरेको हो सो समेत खुल्ने स्पष्ट प्रमाण कागजात सम्लग्न गरेको पाइएन। खर्च पुष्ट्याई गर्ने स्पष्ट आधार प्रमाण सम्लग्न गरेरमात्र खर्च लेख्नुपर्दछ।

३५ **मेयरकप फुटबल प्रतियोगिता** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २४ (१) मा अधिकार प्राप्त अधिकारीले स्वीकृत बजेट, कार्यक्रम र उपलब्ध स्रोत समेतको आधारमा खर्चको आदेश दिनुपर्ने व्यवस्था छ। पालिकाले मेयरकप फुटबल प्रतियोगिताको लागि रु.७०००००।०० को लागत अनुमान स्वीकृत गरेको र सो कार्यक्रम संचालन गर्नको लागि वडा नं ४ का सचिव राजिव कुमार यादवलाई रु.७०००००।०० नै पेश्की उपलब्ध गराएकोमा निज राजिव कुमार यादवले उक्त कार्यक्रम सम्पन्न गरी लागत अनुमानभन्दा बढी खर्च भएको भनी रु.९४५२८७।०० को बिल भरपाई पेश गरेको आधारमा गो भौ नं १३३।२०७९।८।२१ बाट रु.७०००००।०० पेश्की फछ्यौंट गरी गो भौ नं १४१।२०७९।८।२३ बाट रु.२४५२८७।०० भुक्तानी गरेको छ। लागत अनुमानभन्दा बढी भुक्तानी गरेको अनियमित भएको रु.....

| | |
|---|---|
| अनियमित भएको | २,४५,२८७ |

३६ **गहुँको बिउ खरिद तथा वितरण** (१३७-२०७९-८-२१) - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(५) बमोजिम सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने बिल, भरपाई, प्रमाण र कागजात संलग्न हुनु पर्ने व्यवस्था छ। पालिकाले हरियाली बिज भण्डारसँग प्रति केजि रु.८५।०० का दरले ११७६४ केजी गहुँ रु.९९९९४०।०० मा खरिद गरी किसानहरुबाट ५० प्रतिशत रकम जम्मा गराई वितरण गरेको छ। उक्त भण्डारले आपूर्ति गरेको बिउको गुणस्तर परीक्षण गरेको तथा बीउ बिजन गुणस्तर नियन्त्रण केन्द्रले गुणस्तर प्रमाणीकरण गरेको प्रमाण कागजात सम्लग्न गरेको छैन। बीउ बिजन गुणस्तर नियन्त्रण केन्द्रद्धारा गुणस्तर प्रमाणीकरण भएका विउ मात्र वितरण गर्नुपर्दछ।साथै खरिद गरिएको ११७६४ केजी बीउमध्ये ११३४० केजीको मात्र भरपाई पेश भएकोले बाँकी ४२४ केजी गहुँ बितरण भएको भरपाई पेश गर्नुपर्ने रु........

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ३६,०४० |

३७ **शैक्षिक सामाग्री खरिदको लागि अनुदान** (४५४-२०८०-३-८) - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(५) बमोजिम सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने बिल, भरपाई, प्रमाण र कागजात संलग्न हुनु पर्ने व्यवस्था छ। पालिकाले आ.वि. सिरिसियाको विद्यार्थिको लागि पोशाक तथा शैक्षिक सामाग्री खरिदको लागि रु.७०००००।०० उक्त विद्यालयलाई अनुदान उपलब्ध गराएको छ। विद्यालयलाई निकासा भएको अनुदानको सहि सदुपयोग भए नभएको

सम्बन्धमा पालिकाले अनुगमन गरी खर्च पुष्ट्याई गर्ने प्रमाण कागजात सहित अनुगमन प्रतिवेदन पेश गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ७,००,००० |

३८ **बोयर बोका वितरण** (५०२-२०८०-३-१८):पालिकाले पशु प्रजनन सुधारको लागि ७५ प्रतिशत अनुदानमा बोयर बोका वितरण कार्यक्रमबाट भैरब बहुउदेशीय कृषि पशुपंक्षी तथा दुध डेरी उद्योगसँग प्रति केजी रु.२०० का दरले ६ वटा क्रस बिउ बोका रु.५०००००।०० मा खरिद गरी वडा नं १, २, ३, ४, ६ र १० का किसानलाई वितरण गरेको छ। कार्यक्रमको उद्येश्य अनुरुप वितरण गरिएका बोकाहरुको सहि सदुपयोग गरी किसानहरुले लाभ प्राप्त गरे नगरेको सम्बन्धमा पालिकाले नियमित अनुगमन गर्नु पर्दछ।

३९ **भुक्तानीको प्रयोजन** (५१४-२०८०-३-१९) - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(५) बमोजिम सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने बिल, भरपाई, प्रमाण र कागजात संलग्न हुनु पर्ने व्यवस्था छ। पालिकाले गो भौ नं ५१४।२०८०।३।१९ बाट कार्यक्रम खर्च भनी निम्नानुसार कर्मचारीहरुलाई बैंक मार्फत रु.५५०००।०० भुक्तानी गरेको छ। उक्त रकम कुन प्रयोजनमा के वापत भुक्तानी भएको हो सो को प्रमाण कागजात लेखापरीक्षणमा पेश नभएकोले खर्च पुष्ट्याई गर्ने प्रमाण पेश गर्नुपर्ने अन्यथा असुल गर्नुपर्ने रु.....

| **क्र सं** | **कर्मचारीको नाम** | **रकम** |
|---|---|---|
| १ | राम सोगारथ मंडल | ५००० |
| २ | श्याम सुन्दर मंडल | ५००० |
| ३ | मनोज कुमार शर्मा | ५००० |
| ४ | उमेश कुमार साह | ५००० |
| ५ | असोक कुमार यादव | ५००० |
| ६ | हरि नारायण मंडल | ५००० |
| ७ | विरेन्द्र यादव | ५००० |
| ८ | रिकु कुमारी राय | ५००० |
| ९ | रन्जित कुमारी राउत | ५००० |
| १० | बिरेन्द्र कुमार झा | ५००० |
| ११ | राम शंकर साह | ५००० |
| | जम्मा | ५५००० |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ५५,००० |

४० **पोषण सामाग्री वितरण** - पालिकाले आनन्द जेनेरल स्टोर्सबाट रु.९९४०००।०० को गर्भवति महिलाहरुको लागि पोषण सामाग्री खरिद गरेको छ। खरिद गरिएका सामाग्रीको गुणस्तर परीक्षण भएको देखिएन। खरिद गरिएका पोषण सामाग्री सम्बन्धित स्वास्थ्य संस्थाहरुबाट वितरण भएको अभिलेख सम्बन्धमा पालिकाले अनुगमन गरी पोषण सामाग्रीको सहि सदुपयोग भएको छ/छैन, कति वितरण भयो कति बाँकी छ र बितरण गर्न बाँकी सामाग्रीको भण्डारण स्वस्थकर ढंगले भएको छ वा छैन अनुगमन गरी कार्यक्रमको उद्देश्य पुरा गर्न पहल गर्नु पर्दछ।

४१ **भ्रमण खर्च -** भ्रमण खर्च नियमावली, २०६४ को नियम १६(१) मा भ्रमणमा खटिने पदाधिकारीले दैनिक भत्ता तथा भ्रमण खर्चको बिलसँग भ्रमण प्रतिवेदन पेश गर्नु पर्ने व्यवस्था छ। त्यसैगरी सोही नियमावलीको नियम २१ मा भ्रमण खटिने कर्मचारीले भ्रमण प्रारम्भ गरेपछि सम्बन्धित कार्यालयले भ्रमण अभलेख राख्नु पर्ने व्यवस्था छ। पालिकाले यस वर्ष पदाधिकारी तथा कर्मचारीको लागि रु. १८२२००२।०० भ्रमण खर्च लेखेकोमा नियमावलीमा भएको व्यवस्था अनुरुप भ्रमण अभिलेख राखेको छैन भने अधिकांस कर्मचारी तथा पदाधिकारीले भ्रमण पश्चात भ्रमण प्रतवेदन पेश गरेका छैनन्। नियमावलीमा भएको व्यवस्थाको पालना गरी भ्रमण खर्च लेख्नेतर्फ कार्यालयले ध्यान पुर्याउनु पर्दछ।

४२ **इन्धन खर्चको मापदण्ड** - नेपाल सरकार अर्थ मन्त्रालयद्वारा जारी सार्वजनिक खर्चमा मितव्ययिता र प्रभावकारिता कायम गर्ने सम्वन्धी नीतिगत मार्गदर्शन, २०७५ मा सवारी साधनको इन्धन, मर्मत खर्चमा एकरुपता ल्याउन निश्चित मापदण्ड बनाई कार्यान्वयनमा ल्याउनु पर्ने साथै सरकारी सवारी साधन सरकारी काममा मात्र प्रयोग गर्ने, सरकारी सवारी साधन अनाधिकृत व्यक्तिले प्रयोग नगर्ने जस्ता व्यवस्था गरेको छ। कार्यालयले उल्लेखित व्यवस्थाको पालना नगरी यस वर्ष रु.२७५२४८३।०० इन्धन खर्च गरेको छ। इन्धन खर्चको मापदण्ड तयार गरेको छैन भने सवारी साधन अनुसार वार्षिक इन्धन खर्च र उपयोगको विवरण खुल्ने गरी स्पष्ट अभिलेख राखेको छैन। इन्धन खर्चलाई मितव्ययी बनाउन कोटा निर्धारण गरी खर्च लेख्न तर्फ कार्यालयको ध्यान दिनुपर्ने देखिन्छ। त्यसैगरी इन्धन खपतको विवरण सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (PAMS) मा प्रविष्ट गरी ईन्धन खर्चलाई मितव्ययी, पारदर्शी र व्यवस्थित बनाउनु पर्दछ।

४३ **वडा संचालन खर्च** - नगरपालिकाले वडा कार्यालयको लागि बजेट विनियोजन गरी कार्यालय संचालन सम्बन्धि सामाग्री खरिद गरेको आधारमा यो वर्ष रु.३४८१०००।०० खर्च लेखेको छ। तर प्रमुख प्रशासकीय अधिकृतबाट वडा सचिवलाई खर्चको अख्तियारी दिएको छैन।यस्तो अवस्थामा नगरपालिका कार्यालयबाटै खर्च गर्ने व्यवस्था मिलाउनुपर्दछ।

४४ **कर दाखिला** - पालिकाले यस दफासँग सम्बन्धित अनुसूचीमा उल्लेख भए अनुसारका कर्मचारीले लिएको पेश्की फछ्यौटको लागि कागजात पेश गर्दा भुक्तानीमा कट्टी गरेको कर दाखिला गरेको प्रमाण सम्लग्न गरेको छैन। कट्टी गरिएको कर दाखिला भएको प्रमाण कागजात पेश गर्नुपर्ने अन्यथा पेश्की लिनेबाट असुल गरी संघिय राजस्व दाखिला गर्नुपर्ने रु...

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,६१,२३२ |

**(विस्तृत विवरण बेरूजु दफा ४४ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ।)**

४५ **मेयरकप भलिवल** (१७१-२०८०-९-१२) - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(५) बमोजिम सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने बिल, भरपाई, प्रमाण र

कागजात संलग्न हुनु पर्ने व्यवस्था छ। पालिकाले गो भौ नं १७१।२०७९।९।१२ बाट मेयरकप भलिवल प्रतियोगिता संचालन वापत अधिकृत छैटौं विनोद कुमार लाल कर्णले लिएको पेश्की रु.८०००००।०० फछ्यौंट गर्दा रु.१०५००००।०० खर्च देखाइ रु.२५००००।०० सोधभर्ना भुक्तानी गरेको छ। पेश्की फछ्यौंटको लागि पेश भएको काजातमा रु.९५४५१२।०० को मात्र बिल भरपाई सम्लग्न रहेको पाइयो। जम्मा खर्च १०५००००।०० देखाएकोमा बिल भरपाई रु. ९५४५१२।०० को मात्र सम्लग्न रहेकोले रु.९५४८८।०० बढी भुक्तानी भएको छ। बढी भुक्तानी भएको रकमको खर्च पुष्ट्याई गर्नुपर्ने अन्यथा असुल गर्नुपर्ने रु......

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ९५,४८८ |

४६ **औषधी खरिद** - पालिकाले यस वर्ष नगरपालिका चालु खर्चबाट मेडप्लस फर्मा डिस्ट्रीब्यूटर्सबाट रु. १९६७३४४।०० र दुर्गा फार्मेसी बाट रु. ३४५४४७।०० गरी रु.२३१२७९१।०० को औषधी खरिद गरेको छ। यस सम्बन्धमा देखिएका व्यहोरा निम्नानुसार छन् :

४६.१ पालिकालाई आवश्यक पर्ने औषधी मध्ये पालिकाबाट खरिद गर्नुपर्ने र तालुक निकायबाट प्राप्त हुने परिमाण यकिन गरी वार्षिक आवश्यकताको परिणाम विवरण तयार गरी आपूर्ति व्यवस्थापन गर्नुपर्नेमा सो अनुसार गरेको पाइएन।

४६.२ पालिकाले औषधी खरिद गर्दा आवश्यकता पहिचान गरेको छैन। स्वास्थ्य संस्थामा हस्तान्तरण भएका औषधीको प्रयोग र मौज्दात समेत यकिन भएन। अतः पालिकाले औषधी खरिद, उपयोग र मौज्दातको अवस्था यकिन गरी औषधी खरिदलाई व्यवस्थित बनाउनुपर्दछ।पालिकाले औषधी खरिदको लागि लागत अनुमान तयार गर्दा औषधी व्यवस्था विभागले तोकेको दरलाई समेत ध्यान दिनुपर्दछ।

४७ **अनुत्पादक तथा वितरणमुखी खर्च** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ मा कार्यालयले आफ्नो कामको प्रकृति अनुसार खर्चलाई मितव्ययी एवं कामलाई गुणस्तरीय बनाउन आन्तरिक नियन्त्रण प्रणाली तयार गरी कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ। नगरपालिकाले यस वर्ष विभिन्न पूजा, मेला, महोत्सव लगायतमा खर्च गरेको उल्लेख गरी विभिन्न व्यक्ति तथा समितिलाई रु. २८०४१९८।०० भुक्तानी दिएको छ। त्यस्ता खर्चमा भोजमा आवश्यक पर्ने सामग्री खरिद गरेको, पूजा पाठ, नाँचका सामान, टेन्ट आदि जस्ता सामाग्रीको लागि भुक्तानी दिएको, खेलकुद सामाग्री आदिमा विभिन्न किराना पसलका टुक्रा विलहरु समेत पेश भएको देखियो। यस प्रकारका खर्चमा नियन्त्रण गरी खर्चलाई मितव्ययी बनाउँदै उत्पादन मुखी कार्यमा खर्च गर्नेतर्फ पालिकाले ध्यान दिनुपर्ने देखिन्छ। त्यस्ता खर्चका केही उदाहरण निम्नानुसार छन्:

| **गो भौ नं** | **विवरण** | **रकम** |
|---|---|---|
| ३१।२०७९।६।१३ | झुला मेला | १५०००० |
| १२५।२०७९।८।१६ | छट पर्व व्यवस्थापन | १४९९०० |
| २२९।२०७९।११।२ | आसमान नेपाललाई आर्थिक सहयोग | ४००००० |
| २४५।२०७९।११।५ | शहिद चन्द्रेश्वर स्मृति दिवस | २००००० |
| २८०।२०७९।१२।०८ | परिक्रमा मन्दिर व्यवस्थापन | २९२००० |

| | | |
|---|---|---|
| ४६१।२०८०।३।११ | माँ दुर्गा संचालक समिति ठेरा बजार | ३५०००० |
| ५३२।२०८०।३।२० | श्री दुर्गा पुजा मेला | २६०००० |
| ५३३।२०८०।३।२० | प्रवचन तथा भण्डारा कार्यक्रम | १४७५१९ |
| ५६१।२०८०।३।२२ | महाविर झण्डा मेला महोत्सव | १७५००० |
| ५६२।२०८०।३।२२ | महोम्मद जन्मदिन कार्यक्रम उ स | २९०००० |
| ६०६।२०८०।३।२३ | श्री नागा बाबा समिति | ४०००० |
| ६०६।२०८०।३।२३ | श्री महारानी माई मन्दिर साँस्कृतिक समिति | १५०००० |
| ६०६।२०८०।३।२३ | सन्तोषी मेला समिति | १००००० |
| ६७९।२०८०।३।२४ | खेलकुद सामाग्री खरिद | ९९७७९ |
| | | २८०४१९८ |

४८ **बढी भुक्तानी** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(५) बमोजिम सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने बिल, भरपाई, प्रमाण र कागजात संलग्न हुनु पर्ने व्यवस्था छ। पालिकाले कार्यालयको लागि आवस्यक पर्ने रु.२१०००।०० का विभिन्न मसलन्द सामान युनियन अफसेट प्रेस जनकपुर धाम - ४ का चारथान बिलबाट खरिद गरेकोमा रु.२१००००।०० भुक्तानी गरेकोले रु.१८९०००।०० बढी भुक्तानी भएको छ। बढी भुक्तानी भएको रकम ब्याज समेत हिसाव गरी असुल गर्नुपर्ने रु. ......

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,८९,००० |

४९ **शैक्षिक सामाग्री तथा पोशाक व्यवस्थापन** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(५) बमोजिम सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने बिल, भरपाई, प्रमाण र कागजात संलग्न हुनु पर्ने व्यवस्था छ।पालिकाले श्री राम जानकी आ वि कटरैत तथा श्री आ वि अन्दुपट्टीको लागि शैक्षिक सामाग्री तथा पोशाक व्यवस्थापन वापत भनी सर्ट, पेन्ट, जुत्ता, मोजा, टाई, बेल्ट, स्काउट समेतको २९५ सेट प्रति सेट रु.३०००।०० को दरले मजदुर होजियरी उद्योगले पेश गरेको मू.अ. कर समेत रु.१००००५०।०० को बिल पेश गरेकोमा रु.९९६६६०।०० मा अग्रिम कर रु.१४९५०।०० कट्टा गरी रु.९८१७१०।०० भुक्तानी गरेको छ। खरिद गरिएका सामान ती विद्यालयहरुमा हस्तान्तरण भएको कागजात पालिकाले पेश गरेको भएपनि विद्यालयबाट ती सामाग्री वितरण गरेको भरपाई पेश भएको छैन। यस सम्बन्धमा पालिकाले अनुगमन गरी अनुगमनको प्रमाण सहित सामाग्री वितरणको भरपाई पेश गर्नुपर्ने रु....

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ९,९६,६६० |

५० **परामर्श सेवा** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२ मा सार्वजनिक निकायमा कार्यरत जनशक्तिबाट नभ्याउने र बढी दक्षता आवश्यक पर्ने कार्यमा आवश्यक्ता अनुसार परामर्श सेवाको लागत अनुमान तयार गरी खरिद गर्नुपर्ने व्यवस्था छ। पालिकाबाट प्राप्त विवरण अनुसार यस वर्ष देहाय अनुसार परामर्श सेवा खरिद गरेको छ।

| **गो भौ नं** | **कामको विवरण** | **फर्मको नाम** | **रकम** |
|---|---|---|---|
| ९१।२०७९।७।२० | सिनर्जी इन्जिनियरिङ्ग एण्ड कन्सल्ट्यान्ट्स प्रा लि | संगठनात्मक संरचना र व्यवस्थापन कार्यक्रम | ४९६०७० |
| ६४३।२०८०।३।२४ | श्रीसम इन्जिनीयरिङ एण्ड विल्डर्स प्रा.लि. | लक्ष्मी मन्दिर बजार व्यवस्थापन तथा पोखरि सौन्दर्यी करण डि पि आर | ४९४९४० |
| ६४५।२०८०।३।२४ | भि जोन आर्किटेक्ट्स एण्ड बिल्डर्स प्रा लि | आधारभुत अस्पताल केन्द्र वडा नं४ को डि पि आर | ४९०४२० |
| ६४७।२०८०।३।२४ | सब वे नेपाल इन्जिनियरीङ्ग कन्सल्टेन्ट प्रा.लि. | वडा नं ३ मा मिथलेश्वर स्वास्थ्य चौकी स्तरोन्नति कार्य गर्न १५ शैया अस्पताल भवन निर्माणको डि पि आर | १९७७५०० |
| ६६२।२०८०।३।२४ | श्रीसम इन्जिनियरिङ्ग एण्ड बिल्डर्स प्रा लि | १० नं वडा कार्यालय | ९६०५० |
| ६६५।२०८०।३।२४ | सिभिल स्ट्रक्चरल कन्सल्टेन्ट्सि इन्जिनियर्स प्रा लि | जानकी प्रा वि विद्यालय भवन निर्माणको डि पि आर | ९६०५० |
| ६७०।२०८०।६।२४ | गोजी इन्फ्राटेक प्राइभेट लिमिटेड | राष्ट्रपति स्वास्थ्य चौकी स्तरोन्नति को डि पि आर | ९७१८० |
| ६७१।२०८०।३।२४ | गोजी इन्फ्राटेक प्राइभेट लिमिटेड | रमौल मस्जिद निर्माणको लागि डिजाइनिङ्ग एण्ड प्लानिङ्ग | ९७१८० |
| ६७६।२०८०।३।२४ | श्री सम इन्जिनियरिङ्ग एण्ड विल्डर्स प्रा लि | अशोक पोखरी बाँसघरा निर्माणको डिजा | ९६०५० |
| | | जम्मा | ३९४१४४० |

परामर्शदाताबाट अध्ययन कार्य गराउँदा लाग्ने खर्चको लागत अनुमान तयार गर्दा स्पष्ट आधार नलिई स्वीकृत बजेट बमोजिमकै रकम खर्च गरेको उपयुक्त देखिएन। अध्ययन प्रतिवेदन तयार गर्दा पालिकाको प्राविधिक जनशक्ति प्रयोग नगर्नाको कारण स्पष्ट गर्दै आगामी दिनमा पालिकाको प्राविधिक जनशक्तिबाट यस्तो कार्य गराउनु पर्दछ। साथै यसरी अध्ययन गरी तयार गरिएका प्रतिवेदन कार्यान्वयनमा ल्याएको समेत देखिदैन। खर्च गर्ने तर प्रतिवेदन कार्यान्वयन नहुने अवस्थाले पालिकालाई अनावस्यक व्ययभार मात्र पर्न जाने देखिन्छ। यस्ता खर्चमा नियन्त्रण गर्दै अध्ययन प्रतिवेदनलाई कार्यान्वयनमा ल्याउनु पर्दछ।

५१ **टिचफर नेपाल** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९९(१) मा ऐनको दफा ५६ वमोजिम गैर सरकारी संस्थाबाट कार्य गराउनको लागी यस्तो कामको आवश्यकता, किसिम, समयावधी, कामको

गुणस्तर, जनशक्ति, कार्य सन्चालन विधि सहितको कार्य क्षेत्रगत सर्त र लाग्ने रकमको मोटामोटी अनुमान तयार गर्नुपर्ने व्यवस्था छ। साथै नियम ९९(२) मा उपनियम १ वमोजिमको कार्य गराउनको लागी कानून वमोजिम दर्ता भएको र नियम १८ वमोजिमको मौजुदा सूचिमा समावेश भएको गैह्र सरकारी संस्थालाइ कम्तिमा १५ दिनको अवधी दिइ राष्ट्रियस्तर वा स्थानीयस्तरको दैनिक समाचार पत्रका सूचना प्रकाशन गरी प्रस्ताव माग गर्नुपर्ने र माग अनुसार पर्न आएका प्रस्तावहरुको मूल्यांकन गरी सम्झौता गर्नुपर्ने व्यवस्था छ। यस्ता गैर सरकारी संस्था स्थायीलेखा नम्बर मू.अ.करमा दर्ता प्रमाणपत्र प्राप्त संस्थाबाट मात्र खरिद गर्नुपर्ने व्यवस्था छ। नगरपालिका अन्तरगत ६ सार्वजनिक विद्यालयमा ११ शिक्षक राखी अध्यापन गराउने उद्देश्यले टिच फर नेपालसंग सम्झौता गरी यो वर्ष टिच फर नेपाललाई ११ शिक्षकको लागी रु.२२५६५००।०० भुक्तानी गरेको छ। संस्था छनौटको आधार लेखापरीक्षणमा पेश हुन आएन। साथै संस्थाबाट नियुक्त शिक्षकहरुले गरेको कार्य सम्पादन सम्बन्धित विद्यालयबाट प्राप्त नहुँदै संस्थालाई भुक्तानी गर्ने कार्य समेत उपयुक्त देखिएन।

५२ **पदाधिकारी ईन्धन** - मधेश प्रदेश सरकारद्वारा प्रकाशित स्थानीय तहका पदाधिकारी तथा सदस्यले पाउने सुविधा सम्बन्धी ऐन, २०७७ मा स्थानीय तहका पदाधिकारीहरुले मासिक पाउने इन्धनको परिमाण तोकेको छ। निम्नानुसार पदाधिकारीहरुलाई ऐनले तोके भन्दा बढी परिमाणमा इन्धन उपलब्ध गराएकोले अनियमित छ। ऐनमा भएको व्यवस्थाको पालना गर्दै यस्ता खर्चमा नियन्त्रण गर्नुपर्छ।

| पदाधिकारी | वार्षिक पाउने ईन्धन | बुझेको ईन्धनको परिमाण | बढी | रकम |
|---|---|---|---|---|
| नगर प्रमुख राजेन्द्र प्रसाद यादव | मासिक १२५ लिटरको हिसावले वार्षिक १५०० लिटर | २६२९ | ११२९ | १७६१२४ |
| नगर उप प्रमुख शोभा देवी साह | मासिक १२५ लिटरको हिसावले वार्षिक १५०० लिटर | १७९० | २९० | ४५२४० |
| | | | **जम्मा** | **२२१३६४** |

५३ **खर्च पुष्टयाईको प्रमाण** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(५) बमोजिम सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने बिल, भरपाई, प्रमाण र कागजात संलग्न हुनु पर्ने व्यवस्था छ। पालिकाले यस दफासँग सम्बन्धित अनुसूचीमा उल्लेखित सामग्रीहरु खरिद गरेकोमा खर्चको बिल भरपाई तथा वितरण भरपाई पेश भएको देखिएन। नियमावलीमा भएको व्यवस्था अनुसार रु.२८८९७४६।०० को बिल भरपाई तथा प्रमाण कागजात पेश नभएकोले खर्च पुष्ट्याईको प्रमाण पेश हुनुपर्ने अन्यथा असुल हुनुपर्ने रु...

| | |
|---|---|
| असुल गर्नुपर्ने | २८,८९,७४६ |

**(विस्तृत विवरण बेरूजु दफा ५३ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ।)**

५४ **सुचना प्रकाशन** - स्थानीय सरकार संचालन ऐन,२०७४ ले प्रमुख प्रशासकीय अधिकृतले स्वीकृत बजेट खर्च गर्दा नियमितता, मितव्ययिता, प्रभावकारीता, कार्य दक्षता र औचित्यतता समेतको आधारमा खर्च गर्नुपर्ने व्यवस्था छ।नगरपालिकाले यस वर्ष विभिन्न सूचना प्रकाशित गरी रु.३२४९२००।०० भुक्तानी गरेको

छ। सुचना छपाईको आदेश दिदाँ सूचनाको आकार सहितको आदेश दिनुपर्नेमा सुचनाको साइज नखुलाई आदेश दिने गरेकोले सूचना प्रकाशनमा मितव्ययिता अपनाएको पाइएन। सरकारी निकायबाट प्रकाशित गोरखापत्र र निजी स्तरमा राजधानीबाट प्रकाशित राष्ट्रिय स्तरका पत्रिकाहरुमा भन्दा स्थानीय पत्रिकाको सूचनाको लागि अधिक रकम भुक्तानी दिएको छ।पालिकाले विज्ञापन एवम् सुचना प्रकाशन गर्दा मितव्ययी तवरले खर्च गर्नुपर्दछ।

५५ **प्रयोजन नखुलेको खर्च** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(५) बमोजिम सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने बिल, भरपाई, प्रमाण र कागजात संलग्न हुनु पर्ने व्यवस्था छ।पालिकाले गो भौ नं ४०७।२०८०।२।१६ बाट गत वर्षको भुक्तानी बाँकी भनी न्यू कुश ट्रेडर्सबाट निम्नानुसार सामान खरिद गरेको छ।

| सामानको नाम | परिमाण | दर | रकम मू अ कर समेत |
|---|---|---|---|
| बैग | ९० | २९५० | ३०००१५ |
| रैन कोट | ७० | २९५० | २३३३४५ |
| डायरी | ७० | ६४५ | ५१०१९ |
| पाइलट पेन | ७० | १२५ | ९८८८ |
| | | जम्मा | ५९४२६७ |

खरिद गरिएका सामाग्री कुन प्रयोजनको लागि खरिद गरिएको हो सो खुल्ने कुनै कागजात सम्लग्न नहुनुका साथै ती सामाग्री कसलाई हस्तान्तरण/वितरण गरिएको हो सो समेत नखुलेकोले खर्च पुष्ट्याईको प्रमाण पेश गर्नुपर्ने रु...

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ५,९४,२६७ |

५६ **रिचार्ज खर्च** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(५) बमोजिम सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने बिल, भरपाई, प्रमाण र कागजात संलग्न हुनु पर्ने व्यवस्था छ। पालिकाले गो भौ नं ६८२।२०८०।३।२४ बाट एन सेल र एन टि सी को रिचार्ज वापत भनी जगदिस पान तथा किराना स्टोर्सले पेस गरेको बिलका आधारमा रु.१०००००।०० भुक्तानी गरेको छ। कुन प्रयोजनको लागि कसकसको मोबाइलमा रिचार्ज वापत भुक्तानी भएको हो सो खुल्ने कनै कागजात सम्लग्न गरेको छैन। यसरी खर्चको प्रयोजन नखुल्ने गरी भएको भुक्तानी अनियमित भएको छ। यस्ता प्रकृतिका खर्चमा नियन्त्रण गर्नुपर्दछ।

५७ **तालिम गोष्ठी तथा अभिमुखीकरण कार्यक्रम** - पालिकाले आर्थिक वर्ष २०७९।८० मा विभिन्न तालिम गोष्ठी तथा अभिमुखीकरण कार्यक्रम गैह्र सरकारी संस्थाहरुमार्फत गराई नगरपालिका चालु खर्चबाट रु.६४८२१९६।०० खर्च गरेको छ। यस सम्बन्धमा देखिएका व्यहोराहरु निम्नानुसार छन् :

५७.१ सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५ मा एकलाख रुपैयाभन्दा बढीको खरिद कार्य गर्दा लागत अनुमान तयार गर्नुपर्ने र दफा ५क. मा तयार भएको लागत अनुमान स्वीकृत गर्नपर्ने उल्लेख छ। पालिकाले गैह्र सरकारी संस्था मार्फत संचालन गरेका अधिकांस तालिम गोष्ठी तथा अभिमुखिकरण कार्यक्रमको लागत अनुमान तयार गरेको छैन भने अधिकांस कार्यक्रमको प्रस्ताव आव्हान गर्दा बिनियोजित बजेटकै आधारमा गर्ने गरेको छ। लागत

अनुमान तयार नगरी विनियोजित बजेटकै आधारमा प्रस्ताव आव्हान गर्ने कार्यमा नियन्त्रण गरी ऐनमा भएको व्यवस्था बमोजिम लागत अनुमान तयार गरेर मात्र कार्यक्रम संचालन गर्नुपर्दछ।

५७.२ **कर कट्टी** : आयकर ऐन, २०५८ को दफा ८८ मा सेवा खरिद वापत रकम भुक्तानी गर्दा मुल्य अभिवृद्धि करमा दर्ता नभएको संस्थाको सम्झौताको रकममा १५ प्रतिशतका दरले अग्रिम कर कट्टी गर्नुपर्ने व्यवस्था छ। नगरपालिकाले यस दफासँग सम्बन्धित अनुसूचीमा उल्लेखित संस्थाबाट तालिम गोष्ठी अभिमुखीकरण सम्बन्धी सेवा खरिद गरी रु.९२७०७५।०० भुक्तानी दिएकोमा ती संस्थाहरुले मूल्य अभिवृद्धि कर विजक जारी गरेका छैनन्। मुल्य अभिवृद्धि कर विजक जारी नगर्ने निम्न संथालाई भुक्तानीमा १५ प्रतिशतका दरले अग्रिम कर कट्टी गरी रकम भुक्तानी दिनुपर्नेमा रु.९१८५१।०० घटी कर कट्टी गरी भुक्तानी गरेकोले कर कट्टा गर्न छुट भएको रकम सम्बन्धित संस्थाबाट असुल गरी संघिय राजश्व दाखिला गर्नुपर्ने रु.....

| | |
|---|---|
| असुल गर्नुपर्ने | ९१,८५१ |

**(विस्तृत विवरण बेरूजु दफा ५७.२ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ।)**

५७.३ निम्न संस्थाहरुले कार्यक्रम संचालन पछि पेश गरेको स्रेस्ता परीक्षण गर्दा प्रशिक्षक/सहभागी लाई भत्ता भुक्तानी गर्दा कट्टा गरको पारिश्रमिक कर दाखिला गरेको प्रमाण पेश नगरेकोले कट्टी भएको कर दाखिला भए/नभएको सम्बन्धमा यकिन हुन सकिएन। सो रकम सम्बन्धित संस्थाले दाखिला गरेको प्रमाण पेश गर्नुपर्ने रु......

| **गो भौ नं** | **कार्यक्रम** | **संस्थाको नाम** | **कट्टी भएको कर** |
|---|---|---|---|
| ३०९।२०७९।१२।२९ | महिला सशक्तिकरण अभिमुखीकरण तालिम | स्थानीय विकास प्रशिक्षण तथा परामर्श सेवा केन्द्र | ५११५ |
| ३९६।२०८०।२।१० | युवा सशक्तिकरण तालिम | स्थानीय तह तालिम तथा अनुसन्धान केन्द्र | ४९२० |
| | | जिल्ला | १००३५ |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १०,०३५ |

५८ **मोबाइल खरिद** - मधेश प्रदेश सरकारद्वारा प्रकाशित स्थानीय तहका पदाधिकारी तथा सदस्यले पाउने सुविधा सम्बन्धी ऐन, २०७७ मा नगर प्रमुख, उपप्रमुख, वडा अध्यक्ष तथा सभा सदस्यहरुलाई मासिक टेलिफोन तथा मोबाइल रिचार्ज वापत भुक्तानी गर्ने व्यवस्था छ भने पालिकाका माथि उल्लेखित पदाधिकारीहरुलाई मोबाइल उपलब्ध गराउने व्यवस्था छैन। पालिकाले निम्नानुसार नगर प्रमुख तथा सभा सदस्यहरुका लागि रु.७४१६११।०० को मोबाइल खरिद गरी वितरण गरेको छ। ऐनमा नभएको सुविधाको लागि रकम खर्च गरी व्ययभार पारेको अनियमित भएको रु..

| **गो भौ नं** | **पदाधिकारी** | **मोबाइलको प्रकार** | **आपूर्तक** | **रकम मू अ कर समेत** |
|---|---|---|---|---|
| ३२०।२०८०।१।४ | नगर प्रमुख | I Phone १४ pro | मोबाइल मल स्टोर, जनकपुरधाम | २२६००० |
| ४५५।२०८०।३।८ | ३५ जना सभा | Samsung Ao४e (३/३२) | इन्फरमेशन टेक्नोलोजी केयर, | ५१५६११ |

| | | | | |
|---|---|---|---|---|
| | सदस्यहरु | | जनकपुरधाम | |
| | | | जम्मा | ७४१६११ |

| | |
|---|---|
| अनियमित भएको | ७,४१,६११ |

५९ **दोहोरो सुविधा** - मधेश प्रदेश सरकारद्वारा प्रकाशित स्थानीय तहका पदाधिकारी तथा सदस्यले पाउने सुविधा सम्बन्धी ऐन, २०७७ को दफा ४ (३) मा यातायात खर्च उपलब्ध गराएको पदाधिकारीले सवारी साधन इन्धन र मोबिल खर्च नपाउने उल्लेख छ। पालिकाले निम्नानुसार पदाधिकारीलाई यातायात खर्च उपलब्ध गराएको अवस्थामा पनि मासिक ईन्धन उपलब्ध गराएकोले ईन्धन खर्च वापतको रकम असुल हुनुपर्ने रु.

| **पद** | **वडा नं** | **नाम** | **ईन्धन परिमाण ( पेट्रोल )** | **रकम** |
|---|---|---|---|---|
| वडा अध्यक्ष | २ | सुरेश कुमार मण्डल | १०४ | १६२२४ |
| वडा अध्यक्ष | ४ | प्रदिप यादव | ३७ | ५७७२ |
| वडा अध्यक्ष | ५ | सुरेन्द्र कुमार मण्डल | १०० | १५६०० |
| वडा अध्यक्ष | ६ | विपरोश कुमार यादव | ९० | १४०४० |
| वडा अध्यक्ष | ७ | संजय कुमार शर्मा | २० | ३१२० |
| वडा अध्यक्ष | | जिवछ यादव | २० | ३१२० |
| वडा अध्यक्ष | १० | ललित नारायण झा | ४० | ६२४० |
| कार्यपालिका सदस्य | | राम उदगार दास | ११० | १७१६० |
| कार्यपालिका सदस्य | | चन्द्र किशोर साह | ६२ | ९६७२ |
| जम्मा | | | | ९०९४८ |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ९०,९४८ |

६० **सिकाई निरन्तरताका लागि कार्यक्रम** - शिक्षा तथा मानव श्रोत विकास केन्द्रले प्रकाशन गरेको कार्यक्रम कार्यान्वयन पुस्तिका २०७९।८० को क्रियाकलाप नं २.७.१३.४९ मा कोभिड १९ बाट पुगेको शैक्षिक क्षतिको परिपुरण तथा अन्य विपदको समयमा सिकाइ निरन्तरताको लागि कार्यक्रम अन्तर्गत सिकाइमा भएको क्षतिको अवस्था पहिचान गर्न शिक्षकहरुलाई कार्यमूलय अनुसन्धान गर्न लगाई प्रासिका आधारमा सिकाईको प्रवन्ध गर्ने व्यवस्था छ। यस कार्यक्रम अन्तर्गत अतिरिक्त कक्षा संचालन कार्य गर्नको लागि १४ वटा विद्यालयहरुमा जम्मा रु.५०००००।०० अनुदान निकासा गरेको छ। अनुदान पठाइएका विद्यालयहरुमध्ये

निम्नानुसार २ वटा विद्यालयमा नकासा भएको रु.९५०००।०० को कार्यक्रम संचालन गरी खर्चको बिल भरपाई तथा प्रतिवेदन पेश नभएकोले यस सम्बन्धमा पालिकासँग सोधनी हुँदा ती विद्यालयहरुले अतिरिक्त कक्षा संचालन नगरेको जवाफ प्राप्त भएकोले सम्बन्धित विद्यालयबाट सो रकम फिर्ता गरी संघीय संचित कोषमा दाखिला गर्नुपर्ने रु.

| विद्यालयको नाम | रकम |
|---|---|
| गंगा प्रसाद माध्यमिक विद्यालय ठेरा | ४७५०० |
| मिथिला आधारभुत विद्यालय कचुरी | ४७५०० |
| जम्मा | ९५००० |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ९५,००० |

६१ **कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदान** (९६-२०८०-३-८) - शिक्षा तथा मानव श्रोत विकास केन्द्रले प्रकाशन गरेको कार्यक्रम कार्यान्वयन पुस्तिका २०७९।८० को क्रियाकलाप नं २.७.१३.१३ मा विद्यालयमा पुस्तकालय स्थापना तथा व्यवस्थान तथा विज्ञान प्रयोगशाला अनुदान वापत रु.६५००००।०० अनुदान दिने व्यवस्था छ। उक्त प्रयोजनका लागि श्री मिथिला मा वि कचुरीलाई विज्ञान प्रयोगशाला स्थापना तथा व्यवस्थापनको लागि रु.६५००००।०० निकासा भएकोमा कार्य सम्पन्न भएको प्रमाण कागजात पेश नभएकोले पालिकाबाट अनुगमन गरी खर्चको विवरण र कार्य सम्पन्न भएको प्रमाण पेश गर्नुपर्ने रु...

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ६,५०,००० |

६२ **दिवा खाजा** - शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयबाट आर्थिक वर्ष २०७९।८० का लागि स्वीकृत कार्यक्रम कार्यान्वयन पुस्तिकाको कृयाकलाप नं २.७.११.१ मा सामुदायिक विद्यालयमा बालविकासदेखि कक्षा ६ सम्म अध्ययनरत बालबालिकाका लागि विद्यालयमा उपस्थित भएको दिनको दैनिक रु.१५।०० का दरले १८० दिनसम्मको दिवाखाजा वापत अनुदान निकासा गर्नुपर्ने व्यवस्था रहेको छ। यसरी रकम निकासा गर्दा प्रथम त्रैमासिकमा IEMS मा समावेश भएको बालविकासदेखि कक्षा ६ सम्मको विद्यार्थी संख्यालाई आधार मानी विद्यालयमा रकम निकासा दिने र दोस्रो त्रैमासिकदेखि भौतिक रुपमा विद्यालय पुरा चलेको दिनको आधारमा प्रधानाध्यापक र विद्यालय व्यवस्थापन समितिका अध्यक्षबाट विद्यार्थिको संख्यात्मक विवरण प्रमाणित गराई संख्या यकिन भएपश्चात मात्र थप अनुदान दिने व्यवसाथा मिलाउनु पर्ने उल्लेख छ। पालिकाले यो वर्ष दिवाखाजाको लागि विद्यायहरुमा रु.७०३५४७८।०० निकासा गरेको छ। विद्यालयबाट प्राप्त विद्यार्थी संख्यालाई सत्यापन गरेर मात्र निकासा गर्नुपर्नेमा सो अनुसार सत्यापन गरेको देखिएन। विद्यार्थी संख्या सत्यापन गरी वास्तविक विद्यार्थी संख्याका आधारमा दिवाखाजा निकासा गर्नुपर्दछ।

६३ **छात्रवृत्ति अनुदान** - शिक्षा तथा मानव श्रोत विकास केन्द्रले प्रकाशन गरेको कार्यक्रम कार्यान्वयन पुस्तिका २०७९।८० को क्रियाकलाप नं ७.२.१.१ मा EMS मा प्रवृष्टि भएको संख्यालाई सत्यापन गरी विद्यार्थी संख्या यकिन गरी मात्र छात्रवृति अनुदान निकासा गर्नुपर्ने व्यवस्था छ। पालिकाले यस वर्ष विभिन्न १४ विद्यालयहरुमा छात्रवृत्ति अनुदान वापत रु.१९४२५००।०० निकासा गरेको छ। विद्यार्थी संख्यालाई सत्यापन नगरी छात्रवृति अनुदान निकासा गरेको नियम संगत देखिदैन। साथै विद्यालयले छात्रवृत्ति वितरण

गरेको भर्पाई पेश भएको छैन। अतः पालिकाले सत्यापन पश्चात निकासा दिने र सोको अनुगमन गर्नुपर्दछ भने विद्यालयले छात्रवृत्ति वितरणको भरपाई पालिकामा पेश गर्नुपर्दछ।

६४ **सेनिटरी प्याड खरिद** (१३१-२०८०-३-३१) - शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयबाट आर्थिक वर्ष २०७९।८० को लागि स्वीकृत कार्यक्रम कार्यान्वयन पुस्तिकाको कृयाकलाप नं २.७.१३.२३ मा सामुदायिक विद्यालयको कक्षा ६ देखि १२ सम्मका छात्राहरुलाई निशुल्क सेनिटरी प्याड उपलब्ध गराउने व्यवस्था छ। पालिकाले यो वर्ष राम सर्जिकल हाउसबाट प्रति प्याकेट रु.६०।०० का दरले २७३६० प्याकेट सेनिटरी प्याड मू अ कर समेत रु. १८५५००८।०० मा सिलवन्दी दरभाउपत्रको माध्यमबाट खरिद गरेको छ। खरिद गरिएका २७३६० प्याकेट सेनिटरी प्याड मध्ये २६००० प्याकेट विद्यालयहरुमा वितरण गरेको भरपाइ पेश भएको छ भने बाँकी १३६० प्याकेट सेनिटरी प्याड सम्बन्धित विद्यालयमा वितरण गरेको भरपाई पेश गर्नुपर्ने रु....

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ९२,२०८ |

६५ **कागजात पेश गर्नुपर्ने** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २८ (२) बमोजिम जिम्मेवार व्यक्तिले आफ्नो जिम्मामा आएको सरकारी नगद सोही दिन वा त्यसको भोलिपल्ट यथास्थानमा दाखिला गर्नुपर्ने व्यवस्था छ। वडा नं ७ बाट बैंकमा जम्मा भएको रकम रु ५३००० को विवरण पालिकाले पेश गरेको छ। लेखापरीक्षणको क्रममा संकलन ठेलीको रसिदनं २९५१-३०००, ३००१-३०५०, ३०५१-३१००, ४५०१-४५५०, ४६०१-४६५०, ४६५१-४७००, ४७०१-४७५०, ४७५१-४८००, ४८०१-४८५०, ४८५१-४९००, ४९०१-४९५०, ४९५१-५००० र मालपोत ठेली नं ११८५१-११९००, ११९०१-११९५० लेखापरीक्षणमा पेश भएन। उल्लेखित ठेलीहरुबाट संकलित राजस्वसँग सम्बन्धित बैंक दाखिला भौचर तथा अन्य कुनै कागजात पेश नभएकोले संकलन भएको राजस्वका सम्बन्धमा यकिन गर्न सकिएन। पालिकाले पेश गरेको विवरण अनुसारको राजस्व रु. ५३००० का सम्बन्धमा छानविन गरी नपुग रकम भएमा सम्बन्धितबाट असुल समेत गरी यकिन गर्नुपर्ने रु......

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ५३,००० |

६६ **राजस्व छुट** - नगरपालिकाले राजस्व छुट दिने सम्बन्धि निर्णय गरेको छैन।तर नगरपालिकाको १० वटा वडाको आम्दानी वडा अध्यक्षको आदेशको अनुसार विभिन्न व्यक्तिलाई छुट दिने गरेको देखियो।पालिकाबाट राजस्व छुटको निर्णय नभएको तर वडा अध्यक्षले छुट दिने कार्य नियमसम्मत देखिएन।छुट दिएको रकम सम्बन्धमा पत्र चलानी र अन्य कागजातको आधारमा छुट भएको रकम तहाँ कार्यालयबाट छानविन गरी सम्बन्धित वडा अध्यक्षबाट जरिवाना सहित असूल हुनुपर्दछ।

६७ **राजस्व खाता** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन २०७६ को दफा २५(४) मा कारोवारको लेखा महालेखापरीक्षकबाट स्वीकृत भएबमोजिमको ढाँचामा राख्नुपर्ने उल्लेख छ।पालिकाले रसिद नियन्त्रण खाता राखेको देखिदैन। त्यसैगरी पालिकाले गर्ने दैनिक आम्दानीको दैनिक गोश्वारा खाता (म.ले.प.फा.नं.१०५), राजस्व आम्दानीको दैनिक नगद प्राप्ती खाता (म.ले.प.फा.नं.१०६), राजस्व आम्दानीको दैनिक वैंक भौचर प्राप्ती खाता (म.ले.प.फा.नं.१०६ क) राखेको पाइएन। यसबाट पालिकाले प्राप्त गरेको आम्दानी र दाखिला सहि र यथार्थ भए नभएको नगदबाट प्राप्त सम्पूर्ण रकम समयमा दाखिला

भए नभएको एकिन गर्न सकिएन। तसर्थ पालिकाले स्वीकृत ढाँचाका म.ले.प. फारम प्रयोगमा ल्याउन ध्यान दिनुपर्छ।

६८ **राजश्व दाखिला :** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २८ (२) बमोजिम जिम्मेवार व्यक्तिले आफ्नो जिम्मामा आएको सरकारी नगद सोही दिन वा त्यसको भोलिपल्ट यथास्थानमा दाखिला नगरेको देखिन आएमा सम्बन्धित तालुक कार्यालय वा विभागीय प्रमुखले दश दिनसम्म ढिलो गरेको भए दाखिला गर्न बाँकी रकम र सो रकमको दश प्रतिशतले जरिवाना गरी समेत दाखिला गर्न लगाउने र सोभन्दा बढी ढिलो गरेको भए दश प्रतिशतका दरले जरिवाना गरी दाखिला गर्न लगाई कसुरको मात्र अनुसार प्रचलित कानून बमोजिम विभागीय कारबाही समेत गर्न गराउन व्यवस्था छ। कार्यालय अन्तर्गत १० वटा वडा र पालिकाले प्राप्त गरेको राजश्व रकम ऐनमा भएको व्यवस्था अनुसार तोकिएको अवधि भित्र दाखिला गरेको छैन।नगरपालिकाले पालिका तथा वडाको मालपोत वापतको आम्दानीमा एक वर्षसम्म पनि ढिलो दाखिला हुने गरेको छ। यसरी ढिला हुने गरी राजश्व रकम बैक दाखिला भएको अवधिको कार्यालयले छानविन गरी, जरिवाना रकम असुल गर्नुपर्ने देखिन्छ।साथै कसुरको मात्र हेरी विभागीय कारबाही हुनुपर्दछ। कार्यालयले पालिकाले प्राप्त गरेको आन्तरिक राजश्व रकम र बैकमा दाखिला गरेको विवरणमा कार्यालयले विशेष ध्यान दिनुपर्दछ। नगरपालिकाले देहाय अनसारको व्यक्तिहरुबाट आन्तरिक आय रु २६३०४ सम्बन्धित कर्मचारीबाट असुल गरेको छैन। नियमाअनुसार १० प्रतिशत ब्याज समेत सम्बन्धित व्यक्तिबाट असूल गी दाखिला हुनुपर्ने रु....

| क.सं | संस्थाको नाम | दाखिला गर्न बाँकी रकम |
|---|---|---|
| १ | वडा नं २ | २१५ |
| २ | वडा नं ५ | २०९६ |
| ३ | वडा नं १० | २३९९३ |
| | जम्मा | २६३०४ |

| | |
|---|---|
| असुल गर्नुपर्ने | २६,३०४ |

६९ **राजश्व अभिलेख -** कार्यालयले राजस्वको अभिलेख अध्यावधिक गरी सोको लेखापरीक्षण गराउने जिम्मेवारी कार्यालय प्रमुखको हुने व्यवस्था रहेको छ। पालिकाबाट रसिद ठेलिहरु छपाई गरेर वडा कार्यालयमा पठाउने गरेकोमा सोको पुरा अभिलेख पालिकामा आएको देखिएन। अघिल्लो आ.व.को बाँकी के कति छन एकिन गर्न सकिएन। कार्यालयबाट सवै वडाहरुमा पनि स्वचालित प्रणालि जडान गरी राजस्व सङ्कलन गर्ने तर्फ कार्यालयको ध्यान जानुपर्दछ। यसले गर्दा व्यक्तिहरुले छुट्टै रसिद छपाउने जोखिम विद्यमान रहन्छ। यसको सम्बन्धमा तहाँ कार्यालयबाटै छानविन गर्नुपर्दछ। अतः कार्यलयले आगामी दिनमा रसिद नियन्त्रण तथा राजश्व असूलीलाई स्वचालित प्रणाली मार्फत व्यवस्थापन सम्बन्धमा विशेष ध्यान पुऱ्याउनुपर्ने देखियो।

७० **आन्तरिक आय -** राजस्व बाँडफाँडबाट भई प्राप्त हुने पालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन।तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायरामा ल्याउनु पर्दछ।घर जग्गा तथा मालपोत कर , नक्शा पास दस्तुर, सिफारिस दस्तुर तथा नाता

प्रमाणित जस्ता दस्तुरमा आम्दानी उल्लेख गरेको देखिएन यसर्थ उल्लिखित आम्दानी यर्थाथ मान्नसकिने आधार देखिएन। पालिकाबाट नियमित हुने आम्दानी हुने शीर्षकको यकिन हुने गरी आन्तरिक आयको विवरण तयार गर्नुपर्दछ।

७१ **यकिन हुन नसकेको -** पालिकाबाट यसवर्ष अनलाईन प्रणाली तथा नगदी रसिद मार्फत राजस्व आम्दानी गरेको छ। पालिकाले उपलव्ध गराएको विवरणमा रु. २७९१२६५.८४ उल्लेख गरेकोमा यो रकम अनलाईन प्रणाली मार्फत भएको आम्दानी मात्र भएको र रसिदबाट भएको आम्दानी यकिन हुन सकेन। यसर्थ छानबिन गरी राजस्वको विवरण पेश गर्नु पर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २७,९१,२६५.८४ |

७२ **कर तथा शुल्क असुली -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ। ती आय शीर्षकमा वित्तीय प्रतिवेदन म.ले.प.फा.नं. २७२ अनुसार आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ।

| **आय शीर्षक** | **अनुमान** | **असुली** | **असुली प्रतिशत** |
|---|---|---|---|
| घरजग्गा कर तथा मालपोत | १०००००.०० | ०.०० | - |
| घरजग्गा वहाल कर | २०००००.०० | ४४१०.०० | |
| सम्पति बहाल तथा पट्टा वापतको आयमा लाग्ने कर | २०००००.०० | ०.०० | - |
| घरजग्गा रजिष्ट्रेसन दस्तुर | ४००००००.०० | ५७१७११४.२३ | |
| व्यवसाय कर | ०.०० | ०.०० | |
| वहाल विरौटी शुल्क | ०.०० | ०.०० | |
| सरकारी सम्पति बिक्रीबाट प्राप्त रकम | ५०००००.०० | ०.०० | - |
| परीक्षा शुल्क | ५००००.०० | ०.०० | - |
| अन्य प्रशासनिक शुल्क | २०००००.०० | ०.०० | - |
| सिफारिस दस्तुर | ५००००.०० | ०.०० | - |
| व्यक्तिगत घटना दस्तुर | ५००००.०० | ०.०० | - |
| नाता प्रमाणित दस्तुर | ५००००.०० | ०.०० | - |
| अन्य दस्तुर | ०.०० | ०.०० | - |
| व्यवसाय रजिष्ट्रैसन दस्तुर | ०.०० | ०.०० | - |
| अन्य क्षेत्रको आय | ०.०० | ०.०० | - |

| | | | |
|---|---|---|---|
| न्यायिक दण्ड ,जमानत र जफत | ५००००.०० | ०.०० | - |
| प्रशासनिक दण्ड ,जमानत र जफत | ५००००.०० | ०.०० | - |
| अन्य राजस्व | ४००००००.०० | २७९१२६५.८४ | |
| अन्य राजस्व जम्मा | ८५०००००.०० | २७९१२६५.८४ | ३२.८३ |
| राजस्व बाँडफाँडबाट भई प्राप्त हुने मूल्य अभिबृद्धि कर | ८७९७००००.०० | ४९०८०७११.४३ | |
| राजस्व बाँडफाँडबाट भई प्राप्त हुने अन्त शुल्क | ०.०० | १६७९९१९४.८६ | |
| राजस्व बाँडफाँडबाट भई प्राप्त हुने सवारी साधन कर | ३००००००.०० | ३९०५२४३.०० | |
| राजस्व बाँडफाँडबाट प्राप्त जम्मा | ९१९७००००.०० | ७५५०६६६४.५२ | ८२.१० |
| राजस्व बाँडफाँडको जम्मा | १००४७००००.०० | ७८२९७९३०.३६ | |

७३ **आन्तरिक आय -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ। पालिकाले आर्थिक वर्ष २०७९।८० मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ।

| **केन्द्रीय अनुदानबाट खर्च** | **आन्तरिक आय** | **आन्तरिक आय प्रतिशत** |
|---|---|---|
| ४४९१८८३५1. | ७८२९७९३०.३६ | १०.६२ |

उपर्युक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा १०.६२ प्रतिशत मात्र रहेको छ। त्यसैले पालिकाको आन्तरिक आय सङ्कलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय बृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ।

७४ **आय अनुमान -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ। पालिकाले पेश गरेको वित्तीय प्रतिवेदन म.ले.प.फा.नं. २७२ अनुसार आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर तथा अन्य राजस्व वापत अनुमानित रु. १००४७००००.०० प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०७९।८० मा रु. ७८२९७९३०.३६ अर्थात अनुमान भन्दा २२.०७ प्रतिशत घटी आय प्राप्त गरेको छ। आम्दानीका अन्य स्रोतको पहिचान गरी आयको अनुमान यर्थाथपरक बनाई आय आर्जन बृद्धि गर्नेतर्फ विशेष ध्यान दिन आवश्यक देखिएको छ।

७५ **राजस्व छुट -** नगरपालिकाले राजस्व छुट दिने सम्बन्धि निर्णय गरेको छैन।तर नगरपालिकाको १० वटा वडाको आम्दानी अर्थात विशेषतः वडा नं ६ मा राजश्व आम्दानी कम सङ्कलन भएको छ। वडा समितिको आदेश अनुसार विभिन्न व्यक्तिलाई छुट दिने गरेको देखियो।पालिकाबाट राजस्व छुटको निर्णय नभएको तर छुट दिने कार्य नियमसम्मत देखिएन।छुट दिएको रकम सम्बन्धमा पत्र चलानी र अन्य कागजातको

आधारमा छुट भएको रकम तहाँ कार्यालयबाट छानविन गरी सम्बन्धित वडा समितिबाट जरिवाना सहित असूल हुनुपर्दछ।

७६ **राजश्व बुझाउने समय** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ मा कार्यालयमा प्राप्त भएको राजश्व भोली पल्टसम्ममा वैंक दाखिला गर्नुपर्ने व्यवस्था छ। वडा कार्यालयहरुबाट प्राप्त भएका राजश्व आर्थिक वर्षको अन्त्यमा एकै पटक मात्र वैंक दाखिला गर्ने गरेको पाइयो। ऐनले तोके अनुसारको समयमा वैंक दाखिला गर्नुपर्दछ ।

७७ **सामाजिक सुरक्षा** - सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि २०७७ को दफा १८ को उपदफा (१) बमोजिम स्थानिय तहले भत्ता वापत निकासा प्राप्त भएको रकम आर्थिक वर्ष समाप्त हुनुभन्दा कम्तीमा सात दिन अगावै वितरण कार्य सम्पन्न गरी आर्थिक कारोबार बन्द गर्नुपर्ने ब्यवस्था छ।सोही कार्यविधिको दफा १८ को उपदफा (२) अनुसार, उपदफा (१)बमोजिम आर्थिक कारोबार बन्द गरेपछि प्रचलित कानुन बमोजिम निकासा र खर्चको लेखा अध्यावधिक गरी बैंकसँगको हिसाब मिलान गरी बाँकी रकम कोष तथा लेखा नियन्त्रक कार्यालयमा फिर्ता गर्नुपर्ने ब्यवस्था रहेकोमा तोकिएको समय सिमाभित्र हिसाब मिलान तथा रकम फिर्ता गरेको देखिन आएन। तसर्थ समय सिमा भित्र हिसाब मिलान तथा रकम फिर्ता गर्नुपर्दछ।

७८ **सम्झौता भन्दा फरक आपुर्ति** - यस वर्ष पालिकाले सिलवन्दी दरभाउ पत्रको माध्यमबाट रु. १९९९८८४.००को विभिन्न प्रकारका औषधी तथा सर्जिकल सामग्री आपुर्ति गर्न युग मेडिसिन डिष्ट्रीव्युटर्स् संग मिति २०७९/८/२६ मा ७ दिनको म्याद तोकी सम्झौता भएकोमा आपुर्तकले मिति २०७९/८/२८ मा आपुर्ति गर्दा सम्झौतामा उल्लेख भएको भन्दा फरक स्वीकृत नभएको दररेटको आधारमा औषधी तथा सर्जिकल सामग्री आपुर्ति भएकोले अनियमित भएको रु.

| सि.नं. | औषधीको नाम | स्वीकृत नभएको दर | परिमाण | रकम रु. |
|---|---|---|---|---|
| १ | Bandage ९०cm*१८m | ६६०.१७ | २०.०० | १३२०३.४६ |
| २ | Gauze ९०cm*१८m | ६६०.१७ | २०.०० | १३२०३.४६ |
| ३ | IV Canula २४g | ३४.५२ | १५०.०० | ५१७८.०० |
| ४ | IV Set | ३३.६२ | २००.०० | ६७२४.०० |
| ५ | Rectified spirit ४०० ml | १९५.०० | २४.०० | ४६८०.०० |
| ६ | Surgical Gloves | ३९.८३ | २००.०० | ७७८६.०० |
| ७ | Calcium ५०० mcg | ५.९० | ५००००.०० | २९५०००.०० |
| ८ | Disposable syrinj | ४.३९ | १०००.०० | ४३९०.०० |
| जम्मा | | | | ३५०१६४.९२ |
| | | | अनियमित भएको | ३,५०,१६४.९२ |

७९ **औषधी उपचार** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावलि, २०७७ को नियम ३९(५) मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टी गर्ने बिल भरपाई प्रमाण र कागजात सम्लग्न गर्नुपर्ने व्यवस्था छ। ब उ शी नं ६०१०००१६३ बाट नगरपालिकाले सि अ हे ब चौथो श्री विरेन्द्र कुमार झा लाई खोप

सञ्चालनको क्रममा घाइते भई उपचार खर्च वापत रकम भुक्तानी गरिएकोमा उपचार गर्दा भएको खर्चको बिल भरपाई पेश हुन नआएको हुदाँ सोको बिल भरपाई पेश हुनु पर्ने रु..

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २,२४,५१२ |

## अनुसूचीहरू

**अनुसूची - १**

### आर्थिक कारोबारको स्थिति

आर्थिक बर्षः २०७९/८०

कार्यालय र स्थान : मिथिला बिहारी नगरपालिका, धनुषा

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | रामदरश यादव | २०७८-५-८ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | सुभाष कुमार झा | २०७७-४-१ | हाल सम्म कार्यरत |

**बेरुजु वर्गीकरणः**

| असूल गर्नुपर्ने | अनियमित भएको | प्रमाणका कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा पेश्की |
|---|---|---|---|---|---|
| ४,०९६,२०७.७४ | १,३३७,०६२.९२ | २४,२८४,१०१.८४ | ० | ० | ३,४१६,००० |
| **प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.** | | | | | ३३,१३३,३७२.५ |
| **प्रारम्भिक प्रतिवेदन उपर फछ्यौंट गरी सम्परिक्षण भएको रकम रु.** | | | | | ० |
| **सम्परिक्षणबाट थप भएको बेरुजू रु.** | | | | | ० |
| **लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.** | | | | | ३३,१३३,३७२.५ |

**स्थानीय तह :**

| | | | |
|---|---|---|---|
| **गत बर्षको जिम्मेवारी** | | २७४६९१५८९.७२ | |
| **आम्दानी** | | **खर्च** | |
| संघीय सरकारबाट अनुदान | २८०७६८२४० | चालु खर्च | १९६२६९८७५ |
| प्रदेश सरकारबाट अनुदान | २९८५४८७१ | पूँजीगत खर्च | १९१५५०१५३ |
| राजश्व बाँडफाँट | ७५५०२२६३.५२ | वित्तीय/अन्य व्यवस्था | ३६१३१५६६१ |
| आन्तरिक आय | २०६१२६५.८४ | | |

| | | | |
|---|---|---|---|
| अन्य आय | १७८७१४३५५.५ | | |
| कुल आय | ५६६९००९९५.८६ | कुल खर्च | ७४९१३५६८९ |
| बाँकी मौज्दात | | ९२४५६८९६.५८ | |

**बेरूजु दफा १९ सँग सम्बन्धित विवरण - अनुसूची -२**

| पेश्कीको विवरण | पेश्की लिनेको नाम | यस आ व को पेश्की | गत आ व सम्मको पेश्की | जम्मा पेश्की बाँकी |
|---|---|---|---|---|
| मातृ तथा नवशिशु कार्यक्रम | श्री स्वास्थ्य संस्था संचालन तथा | ० | १००००० | १००००० |
| विशिष्ट व्यक्ति तथा प्रतिनिधि मण्डलको भ्रमण खर्च | बलराम मण्डल | ० | ५०००० | ५०००० |
| पानी तथा बिजुली | हरिनरायण यादब | ६०००० | ० | ६०००० |
| धर्म संस्कृति संरक्षण | हरिनरायण यादब | ३५८००० | ० | ३५८००० |
| खेलकुद तथा सामाग्री खरिद | हरिनरायण यादब | ५००००० | ० | ५००००० |
| वडा स्तरिय खेलकुद | उमेश यादव | ४००००० | ० | ४००००० |
| ब्याक हो लोडर र चार पाङग्रे ड्राईभिङ्ग प्रशिक्षण तालिम | लक्ष्मी नारायण यादव | ५००००० | ० | ५००००० |
| मातृ तथा नवशिशु कार्यक्रम | कमल किशाेर यादब | १२०००० | ० | १२०००० |
| भलिवल टुर्नामेन्ट तथा खेलकुद सामाग्री खरिद | राज कुमार मण्डल | ३५०००० | ० | ३५०००० |
| किसानहरुलाई भ्रमण कार्यक्रम तथा प्रोत्साहन | समिम अन्सारी | २००००० | ० | २००००० |
| गरिब तथा जेहेन्दार विद्यार्थीहरुलाई छात्रवृति | शितल प्रसाद गोइत | १००००० | ० | १००००० |
| छोरी प्रोत्साहन भता महिला सशक्तीकरण | सुनिता कुमारी यादव | १५५००० | ० | १५५००० |
| ज्येष्ठ नागरिकहरु लाई सम्मान कार्यक्रम | राज कुमार मण्डल | ४००००० | ० | ४००००० |
| शिक्षकहरुको लागि प्रोत्साहन | शितल प्रसाद गोइत | १००००० | ० | १००००० |
| कर्मचारीको बैठक भत्ता | मो कमरुदिन शाह | ८६५०० | ० | ८६५०० |

| | | | | |
|---|---|---|---|---|
| कार्यक्रम खर्च | मो कमरुदिन शाह | ८६५०० | ० | ८६५०० |
| जेष्ठ नागरिकलाई सम्मान कार्यक्रम | राज कुमार मण्डल | ४००००० | ० | ४००००० |
| | **जम्मा** | **३४१६०००** | **१५००००** | **३५६६०००** |

**बेरूजु दफा ४४ सँग सम्बन्धित विवरण - अनुसूची -३**

| गो भौ नं | पेश्की फछ्र्यौटको विवरण | दाखिला हुनु बाँकी अग्रिम कर | दाखिला हुनु बाँकी पारिश्रमिक कर | मनोरन्जन कर | जम्मा |
|---|---|---|---|---|---|
| ६५०।२०८०।३।२४ | पशु विकास सम्बन्धी विभिन्न तालिम तथा कार्यक्रम वापत विनोद कुमार लाल कर्णको नाममा रहेको पेश्की फछ्र्यौट | ० | ८९१३ | ० | ८९१३ |
| ६८९।२०८०।३।२९ | पोषण सम्बन्धी सूचना प्रवाहको लागि होर्डिङ्ग बोर्ड लगायतको लागि राजेश कुमार यादवले लिएको पेश्की फछ्र्यौट | १९८९ | ५४०० | ० | ७३८९ |
| ६९९।२०८०।३।३१ | पशु सेवा तर्फ बाह्य आन्तरिक परजिवी नियन्त्रण तथा प्रदर्शनको बिनोद कुमार लाल कर्णले लिएको पेश्की फछ्र्यौट | ० | २१७३ | ० | २१७३ |
| ७०१।२०८०।३।३१ | बालबालिका संरक्षण, लैङ्गिक हिंसा , अपाङ्गको लागि शिपविकास तालिम , महिला समुह समिति अनुशिक्षण तालिमको लागि सुनिता कुमारी यादवले लिएको पेश्की फछ्र्यौट | ९५२६ | २७२४० | ० | ३६७६६ |
| ७०२।२०८०।३।३१ | अपाङ्गको लागि तालिम तथा शिपमुलक तालिम का लागि सुनिता कुमारी यादवले गत वर्ष लिएको पेश्की फछ्र्यौट | ५५९८ | १३०२० | ० | १८६१८ |
| १७१।२०७९।९।१२ | मेयरकप भलिवल प्रतियोगिताको लागि विनोद | ७९९८ | ९३७५ | ७०००० | ८७३७३ |

| | | | | | |
|---|---|---|---|---|---|
| | कुमार लाल कर्णले लिएको पेश्की फछ्र्यौट | | | | |
| | **जम्मा** | २५१११ | ६६१२१ | ७०००० | १६१२३२ |

**बेरूजु दफा ५३ सँग सम्बन्धित विवरण - अनुसूची -४**

| गो भौ नं | भुक्तानी पाउने | रकम | कैफियत |
|---|---|---|---|
| २८०।२०७९।१२।०८ | हरिनारायण यादव | २२१३४ | परिक्रमा मन्दिर व्यवस्थापन कार्यको लागि हरिनारायण यादवलाई रु. २९२०००।०० भुक्तानी भएकोमा बिल भरपाईको जोडजम्मा २६९८६६ मात्र भएको |
| ५३२।२०८०।३।२० | श्री दुर्गा पुजा मेला तथा समाज कल्याण संस्था ललिया | १४८५०० | उक्त संस्थालाई रु. २६००००।०० भुक्तानी भएकोमा बिल भरपाई जम्मा १११५००।०० को मात्र सम्लग्न छ। |
| ५६१।२०८०।३।२२ | महाविर झण्डा मेला महोत्सव समिति | १४७६० | रु. १७५०००।०० भुक्तानी भएकोमा बिल भरपाई १६०२४० को मात्र छ। |
| ६०६।२०८०।३।२३ | श्री महारानी माई मन्दिर साँस्कृतिक समिति | ११००० | उक्त समितिलाई रु. १५००००।०० भुक्तानी भएकोमा रु . १३९००० को बिल भरपाई सम्लग्न रहेको। |
| ६७९।२०८०।३।२४ | मण्डल स्पोर्ट्स सेन्टरबाट खेलकुद सामाग्री खरिद ( गत वर्षको भुक्तानी ) | ९९७७९ | वितरणको भरपाई पेश नभएको। |
| ५१६।२०८०।३।१९ | राम जानकी कृतन मण्डली समिति | १५०००० | राम जानकी कृतन मण्डली समितिलाई धार्मिक सामाग्री खरिद वापत भनी भुक्तानी भएकोमा सामान खरिदको बिल भरपाई पेश नभएको। |
| ४०८।२०८०।२।१६ | ललित एण्ड रिया ट्रेडर्स | ४३१६३१ | ब्याग, डायरी , रेनकोट , पाइलट पेन , गाम्छा लगायतका सामान खरिद गरेकोमा |
| | | | सामान खरिद कून प्रयोजनको लागि |

| | | | |
|---|---|---|---|
| | | | भएको हो र कसकसलाई वितरण भएको हो प्रमाण कागजात नरहेको। ( ललित एण्ड रिया ट्रेडर्सको बिजक नं १२६ मा कारोबार भएको मिति २०७७।५।१४ र बिल जारी भएको मिति २०७९।३।३१ उल्लेख भएको ) |
| ४१३।२०८०।२।१६ | एस एम ट्रेडर्स | ९९८७५० | खेलकुद सामाग्री खरिद तथा पुरस्कार वितरण युवा स्वरोजगार बाट खरिद विभिन्न खेलकुद सामाग्री। खरिद तथा दाखिला गरी वडा कार्यालयहरुलाई बुझाएकोमा वडा कार्यालयबाट सम्बन्धितलाई वितरण गरेको भरपाई पेश नभएको। |
| ६११।२०८०।३।२३ | आयुस पुस्तक तथा खेलकुद स्टोर्स | ८९२०२२ | खेलकुद सामाग्री खरिद गरिएकोमा वितरण भएको प्रमाण पेश गर्नुपर्ने |
| २५१।२०७९।११।१५ | वडा नं ७ को विविध खर्च | ९१६०० | इश्वर होटललाई रु. ९१६००।०० भुक्तानी गरेकोमा कुन कार्यक्रम तथा के प्रयोजनमा खर्च भएकोहो सो को प्रमाण कागजात सम्लग्न नरहेको |
| ४०१।२०८०।२।१२ | ना प्रा स गोविन्द कुमार यादव | २९५७० | एकिकृत धान बालि रोग तथा किरा व्यवस्थापन तालिममा रु. ५०००००।०० भुक्तानी भएकोमा बिल भरपाईको जोड जम्मा ४८७७००।०० मात्र रहेको र १७२७०।०० भत्ता वितरणको भरपाई सम्लग्न नरहेको |
| | जम्मा | २८८९७४६ | |

**बेरूजु दफा ५७.२ सँग सम्बन्धित विवरण - अनुसूची -५**

| गो भौ नं | कार्यक्रम | संस्थाको नाम | भुक्तानी रकम | कर कट्टी गर्नुपर्ने रकम | कर कट्टी गरेको | नपुग कर |
|---|---|---|---|---|---|---|
| ४४९।२०८०।३।६ | वडा नं ८ मा लागु औषध | युनिक समाज उत्थान केन्द्र | ४९७३०० | ७४५९५ | ३२७९६ | ४१७९९ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | दुर्वेसन सम्बन्धी सचेतनामूलक तालिम | | | | | |
| ५३५।२०८०।३।२० | लघु उद्यमिहरुलाई वित्तीय पहुँचका लागि बित्तीय साक्षरता कार्यक्रम | समाज विकाश सेवा केन्द्र | १४८००० | २२२०० | ४८०१ | १७३९९ |
| ५३६।२०८०।३।२० | लैंगिक सामाजिक समावेशिकरण कार्यक्रम | लोक कल्याणकारी नेपाल धनुषा | २८१७७५ | ४२२६६ | ९६१३ | ३२६५३ |
| | | **जम्मा** | **९२७०७५** | **१३९०६१** | **४७२१०** | **९१८५१** |